"स्थानीय तहको सञ्चार सारथी"

पालिका सन्देश

साप्ताहिक

पालिका सन्देश सूचना !

पत्रिका नियमित नभएमा, ठेगाना परिवर्तन गर्नुपरेमा, समाचार, सूचना तथा विज्ञापन प्रकाशन गर्नुपरेमा वा अन्य कुनै गुनासो भएमा ९८६१०४२८०४ नम्बरको वाट्सपमा म्यासेज गर्न सक्नुहुनेछ । वा सिधैं फोन गर्न सक्नुहुनेछ ।

।। वर्ष : १ ।। अंक : ४० ।। ।। २०८० पुस १८ बुधबार ।। 3 Jan. 2024, Wednesday ।। पृष्ठ : ६ ।। मूल्य : रु. ५/- ।। www.palikasandesh.com

नेपालको सुपारी प्रशोधन, ब्रान्डिङ र चोरी निकासी नियन्त्रण

■ कृष्णप्रसाद भण्डारी "मार्सेली"

नेपालमा उत्पादन भएको सुपारी विदेश निर्यात गर्ने सम्बन्धी समस्याका सम्बन्धमा स्थानीय सुपारी उत्पादक एवम् सरोकारवालाहरूसँग छलफल गरी समस्याको समाधान खोज्न हालै प्रतिनिधि सभा उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित संसदीय समितिले झापा जिल्लास्थित सुपारी खेतीको स्थलगत अध्ययन गरेको छ । साथसाथै समितिले सरोकारवालाहरूसँगको छलफलबाट निस्किएको निष्कर्षका आधारमा सुपारी किसानहरूको हितमा नेपाल सरकारलाई राय सुझाव एवम् निर्देशन दिने संसदीय समितिको आश्वासन प्रशंसनीय छ ।

सीमित व्यक्तिले सोखका रूपमा घर छेउमा अर्थात् करेसा बारीमा लगाइएको सुपारीको बोटबाट प्रेरणा पाएर नेपालमा सुपारी खेतीले व्याबसायिक रूप लिएको छ । नेपाल सरकारको राष्ट्रिय तथ्याङ्कमा उल्लेख भए अनुसार आजका दिनमा नेपालमा १४,५३३ मेट्रिक टन सुक्खा सुपारी उत्पादन भएको प्रमाणित भएको छ । सुपारीको प्रयोग हिन्दु संस्कारका जन्मदेखि मृत्यु पर्यन्तसम्म आवश्यकता पूरा गर्न र उद्योगको कच्चा पदार्थका लागि सुपारी आयात हुने गरेको छ । हिन्दु संस्कारमा गणेश भगवानको प्रतीकका रूपमा सुपारीलाई पूजा गर्ने प्रचलनले पनि सुपारीको पवित्रता र महिमा बुझ्न सकिन्छ ।

नेपालको आर्थिक विकासको मेरूदण्ड कृषि हो । नेपाल सरकारले दश प्राथमिकता क्षेत्र र १९ तुलनात्मक लाभका वस्तुको पहिचान गर्दै सार्वजनिक भएको व्यापार एकीकृत रणनीतिले कृषिजन्य निर्यात योग्य सात वस्तु- अलैँची, अदुवा, मह, दाल, चिया, चाउचाउ, एवम् औषधीयुक्त र सारयुक्त तेललाई सूचीकृत गर्दा चारतले, पाँचतले खेतीको नामले चिनिएको सघन खेती प्रणालीमा आधारित कृषिजन्य नगदेवाली सुपारी सूचीकृत हुन सकेन । मुलुकको आर्थिक मेरूदण्डको रूपमा रहेको सुपारी खेतीले निर्यातमा योगदान पुऱ्याउनुको साथै बेरोजगारी समस्या हल गर्न समेत मद्दत पुऱ्याउने देखिन्छ । करिब नब्बे प्रतिशत महिलाले रोजगारी पाउने सुपारीको उत्पादन प्रशोधन र बजारीकरणमा सरकारको ध्यान जान आवश्यक छ ।

नेपालमा उत्पादित सुपारीको गुणस्तर प्रवर्धन गर्न आवश्यक भई यस सम्बन्धमा प्रशोधन प्रविधि पहिचान, सिकाइ र अवलम्बन गर्न एवम् प्राविधिक ज्ञान अभिवृद्धि गर्न घरेलु तथा साना उद्योग कार्यालय झापाको नेतृत्वमा आर्थिक वर्ष २०६६-६७ मा उद्योग मन्त्रालय अन्तर्गतको लघु उद्यम कोषको खर्चमा भारतमा र वाणिज्य तथा आपूर्ति मन्त्रालयअन्तर्गतको व्यापार तथा निकासी प्रबर्धन केन्द्रको कार्यक्रममा थाइल्यान्ड र मलेसियामा सुपारी खेतीमा आबद्ध संस्था व्यबसायी र किसानका प्रतिनिधिलाई सरकारी स्तरबाट गराइएको अध्ययन अवलोकन भ्रमणले नेपालका सुपारी कृषकहरूको मनोबल उच्च भएको थियो । नेपाल सरकारले आ.व. ०६७-६८ को बजेटमार्फत सुपारीको आयातमा लाग्ने भन्सार महसुल र मूल्याङ्कनमा वृद्धि गर्नुको साथसाथै एक गाउँ एक उत्पादन र एक जिल्ला एक उत्पादकको अवधारणा अनुसार झापा जिल्लामा सुपारी उत्पादनको परियोजना स्वीकृत हुनुले स्वदेशी उत्पादनका वस्तुको संरक्षणमा सरकारी चासो बढेको थियो । आजका दिनमा पनि झापा जिल्लाका केही पालिकालाई समेटेर सुपारी जोन कार्यक्रममार्फत सुपारी किसानलाई सुपारीको उत्पादन, प्रशोधन र बजारीकरणमा उत्प्रेरित गरिरहेको अवस्था छ ।

नेपाल सरकारले हाल उत्पादन

बाँकी पृष्ठ २ मा

बुद्धशान्तिको तेह्रौं गाउँसभा सम्पन्न

बुद्धशान्ति (पालिका सन्देश) । बुद्धशान्ति गाउँपालिकाले आफ्नो तेह्रौं गाउँसभा सम्पन्न भएको छ । गाउँपालिका अध्यक्ष मनोज प्रसाईंको अध्यक्षतामा गाउँसभा बसेको हो । गाउँसभा र नगरसभा सञ्चालन कार्यविधि ऐन २०७५ को दफा ३ बमोजिम तेह्रौं गाउँ अधिवेशन सञ्चालन गरिएको जनाइएको छ ।

सभामा प्रमुख प्रसाशकीय अधिकृत विनोद पोखरेलले सचिवको भूमिका निर्वाह गरेका थिए । गाउँ सभामा उपाध्यक्ष भवानी खतिवडा, वडा नं १ का वडाध्यक्ष एवम् गाउँपालिकाका प्रवक्ता अनिल वाग्लेले सभामा समसामयिक विषयमा गाउँसभाका सदस्यहरूले उठाएका विषयहरूमाथी सहजीकरण गरेका थिए ।

सभामा वडा नं. ३ का वडा सदस्य तिलनाराण रिजाल, वडा नं ६ की वडा सदस्य प्रमिला परियार, वडा नं १ का वडा सदस्य लक्ष्मी प्रसाद कँडेल लगायतले आफ्नो जिज्ञाशा राखेका थिए । ठूलो पानी पर्दा वडा कार्यालयको भवनभित्र पानी पस्ने समस्या देखि लिएर विकास निर्माण कार्यमा प्रविधियुक्त सूचना प्रणाली हुनुपर्ने, जनसहभागीतामुलक कार्य गर्नुपर्ने, धेरैभन्दा धेरै पशुपालक किसानलाई अनुदानमा कृषि सामग्री दिनुपर्ने, दलित लक्षित छुट्याइएको बजेट दलित लक्षित लोकसेवा कक्षा कार्यक्रममा नै छुट्याउनुपर्ने विषयहरू सभामा उठेका थिए । जसको सहजीकरण सभाध्यक्ष प्रसाईं, उपाध्यक्ष खतिवडा, वडाध्यक्ष वाग्ले तथा अधिकृत पोखरेलले पालैपालो सहजीकरण गरेका थिए ।

बुद्धशान्ति गाउँपालिका
गाउँसभा
तेह्रौं अधिवेशन
२०८० पुस १२ गते
सभाध्यक्ष
उपाध्यक्ष

सभामा बुद्धशान्ति गाउँपालिका अर्थ तथा सार्वजनिक लेखा समितिले तयार गरेको प्रतिवेदन समितिका संयोजक एवम् वडाध्यक्ष वाग्लले प्रस्तुत गरेका थिए । स्थानीय सरकार संचालन ऐन, २०७५

बाँकी पृष्ठ ६ मा

हात्ती आक्रमणबाट डेढ महिनामा चारको मृत्यु

बुद्धशान्ति । झापामा जंगली हात्तीको आक्रमणबाट पछिल्लो डेढ महिनामा चार जनाले ज्यान गुमाएका छन् ।

भारतबाट नेपाल छिरेका हात्तीको उपद्रो दिनानुदिन बढ्दै गएको छ । दैनिक अन्नबालीमा क्षति गर्दै आएको हात्तीले मानिसको ज्यान समेत लिइरहेको छ । शुक्रबार मात्रै झापाको शिवसताक्षी नगरपालिका-११ दुधेस्थित सृष्टि टोलका ४५ वर्षीय मेघराज राईको हात्ती आक्रमणमा ज्यान गएको छ ।

गत पुस ४ मा हल्दिवारी-४ पाराखोपीका ६० वर्षीय पाताल राजवंशी र मंसिर १५ मा हल्दिवारी-३ का वन हेरालु ४० वर्षीय धनबहादुर बनको पनि हात्ती आक्रमणबाट मृत्यु भएको थियो । ५ मंसिरमा दमकको बेलडाँगीस्थित भुटानी शरणार्थी शिविरको सेक्टर २ छाप्रो नम्बर २५२ का ७२ वर्षीय पदमलाल तामाङको पनि हात्ती आक्रमणबाट मृत्यु भएको थियो । मोरङ र सुनसरीमा पनि पछिल्लो एक महिनाभित्र हात्ती आक्रमणका कारण दुई जनाको ज्यान गएको प्रहरीले जनाएको छ ।

BUDHABARE
FOCUS POINT
CONSULTANCY PVT. LTD.
Study & Work in JAPAN & KOREA
9808480515
बुधबारे बजार, तल्लो चोक, बुद्धशान्ति-३, झापा
हाम्रो कोर्षहरू:
- जापानिज भाषा (N5/N4/N3) SSW Working
- कोरियन भाषा UVT test को सुविधा सहित
- कम्प्युटर कक्षा (Basic & Advance)
- +2 तथा Bachelor Level का Tution कक्षाहरू

श्री बुधबारे स्पेश केवल नेटवर्क प्रा. लि.
broadlink
Upgrade to 5G
NEW CONNECTION
100 Mbps 12+2 Month = Rs. 11,999/-
3 Month = Rs. 5,499/-
1 Month = Rs. 3,999/-
RECHARGE
3 Month = Rs. 2,350/-
CALL NOW!
023-555127 | 9802655137 | 9802655590

हामी बनाउछौं तपाईको सपनाको घर !
Casyap Consult
Bringing the Future
- कम लागत
- भुकम्प प्रतिरोधात्मक
- 3D नक्सा
- भवन निर्माणमा supervision
- गुणस्तरीय निर्माण सामाग्री प्रयोग
- नयाँ घर-नक्सापास
- पुरानो घर-नक्सा अभिलेखिकरण
- Structural Analysis

Construction with material मा घरको नक्सा पास, 3D नक्सा तथा अन्य प्राबिधिक कार्य नि:शुल्क

GET IN TOUCH
Casyap Consult Pvt. Ltd
Jhapa, Nepal
Email: ghimireanil804@gmail.com
9867979383 / 9807912836

Call | WhatsApp | viber:
9842100671 | 9823313803
INTERNATIONAL FLIGHT TICKETING को लागि
हामीलाई सम्झनु होला
DUBAI
MALAYSIA
BAHRAIN
QATAR
DENMARK
PORTUGAL
POLAND
AUSTRALIA
USA
GLOBE TROT NEPAL
Travels & Tours
BUDDHASHANTI-3, JHAPA

बालकुमारी काण्डले कोरियाको रोजगारी नै गुम्नसक्ने चिन्ता

झापा (पालिका सन्देश) । कोरियाको रोजगारीलाई लिएर उत्पन्न बबण्डरले नेपालको अन्तर्राष्ट्रिय छविमा नै असर पर्ने खतरा पैदा भएको छ ।

साथै, कोरियाले अब यो विवादलाई कुन रूपमा सम्बोधन गर्छ भन्ने पनि चासोको विषय हो । वैदेशिक रोजगारमा जाने नेपालीहरूका लागि कोरिया एउटा आकर्षक गन्तव्यका रूपमा रहेको छ । मलेसिया र खाडी मुलुकहरूभन्दा निकै राम्रो आम्दानी हुने भएकाले मध्यम वर्गीय युवाहरू कोरिया जान मरिहत्ते गर्छन् । तर, अहिलेको घटनाका कारण कोरियाको रोजगारीमाथि अनिश्चयका बादलहरू मडारिन थालेका छन् ।

कोरिया जान कुनै मेनपावर, दलाल अथवा मध्यस्थकर्ता आवश्यक हुँदैन । कोरियाली सरकारले नेपालसहित १६ राष्ट्रहरूसँग रोजगार अनुमति प्रणाली 'ईपीएस' सम्झौता गरेको छ । ईपीएसमा कोरिया सरकारले प्रत्येक वर्ष आफ्ना उत्पादन, निर्माण, कृषि र पशु प्रजनन, सेवा र मत्स्यपालनका लागि कामदारहरूको कोटा जारी गर्छ । सोहीअनुसार कोरिया भाषा पास गरेर कामदारहरू कोरिया जान पाउँछन् ।

नेपाली युवाहरूको आन्दोलनका कारण कोरियासँग भएको ईपीएस सम्झौतामा असर पर्नसक्ने वैदेशिक रोजगार विज्ञ डा. गणेश गुरुङ बताउँछन् । 'कुनै पनि राष्ट्रले अहिलेको अवस्थामा आफ्नो देशमा कामदारहरू भित्र्याउँदा दुई पटक सोच्छ । देशमा द्वन्द्व उत्पन्न गर्ने राष्ट्र अथवा व्यक्तिलाई स्वीकार्दैन', उनले भने, 'त्यसमाथि कोरिया अनुशासन र नियमको कडा पालनामा विश्वास गर्ने राष्ट्र हो । कोरियाले कुनै एक राष्ट्रका लागि भनेर फरक निर्णय पनि गर्दैन ।' कुनै पनि राष्ट्रले आफ्नो देशको शान्ति र सुरक्षालाई प्राथमिकतामा राखेर नीति बनाउने उनको भनाइ छ ।

डा. गुरुङ थप्छन्, ' कोरियाले पछिल्लो समय नेपाली कामदारहरूलाई सकारात्मक रूपमा हेरिरहेको थियो । नेपालसँग सम्बन्ध नराम्रो पनि छैन । तर, भर्खरै भएको बालकुमारीको घटनाले अन्तर्राष्ट्रिय जगतमा हाम्रो देशको छविमा प्रश्न खडा गर्छ । युवाहरू सडकमा उत्रिए, नेपालीहरूले मन्त्रीको गाडीमा आगो लगाए र युवाहरूको ज्यानसमेत गयो भन्ने कुराले प्रभाव पर्छ ।' त्यसो त उच्च अदालतले दिएको पछिल्लो आदेश कार्यान्वयनका विषयमा पनि प्रश्नहरू उठिरहेका छन् । नेपालको अदालतको आदेशलाई स्वीकार गरेर कोरियाले सबैलाई आवेदन खुला गर्छ त भन्ने प्रश्नमा गुरुङले त्यस्तो सम्भावना नरहने बताए । उनी भन्छन्, 'कोरियाली सरकारले आफ्नो सुरक्षालाई मध्यनजर गर्दै निर्णय गर्ने हो । उसका लागि पहिले आफ्नो सुरक्षा र शान्ति महत्वपूर्ण हुन्छ । नेपालको अदालतले के निर्णय गर्छ, त्यो उसको चासोको विषय होइन ।'

शिप बिल्डिङको भाषा परीक्षामा अनुत्तीर्णहरूले म्यानुफ्याक्चरको भाषा परीक्षामा आवेदन दिन पाउनुपर्ने भन्दै गरेको आन्दोलनमा शुक्रबार प्रहरीले गोली चलाउँदा दुई युवाको मृत्यु भएको थियो । त्यसै दिन उच्च अदालत पाटनले अर्को आदेश गर्दै म्यानुफ्याक्चरको भाषा परीक्षामा सबैलाई सहभागी गराउन भनेको छ । तर, नेपालको अदालतले 'ब्याक टु ब्याक' गरेको आदेश कोरियाले स्वीकार्छ भन्ने आधार अहिलेसम्म देखिएको छैन ।

आन्दोलन बढ्न थालेपछि ईपीएस कोरियाले 'शिप बिल्डिङकै भाषा परीक्षाका लागि आवेदन लिने बेला सन् २०२३ मा हुने कुनै पनि क्षेत्रको कोरियन भाषा परीक्षामा फर्म भर्न नपाइने व्यहोरा उल्लेख भएको' स्मरण गराएको थियो । अदालतको एकपछि अर्को आदेशले म्यानुफ्याक्चरको लागि लिन लागिएको भाषा परीक्षा अन्योलमा परेको छ ।

उक्त परीक्षाका लागि यसअघि नै एक लाख ४३ हजारभन्दा बढीले आवेदन दिइसकेका छन् । असारमा लिइएको शिप बिल्डिङको भाषा परीक्षामा करिब २० हजार अनुत्तीर्ण भएका थिए ।ईपीएस शाखाको नयाँ निर्देशकको जिम्मेवारी पाएका कमल श्रेष्ठले एचआरडी कोरियाले जवाफ फर्काएपछि मात्र नयाँ परिस्थितिबारे भन्न सकिने बताए ।

'उनीहरूले फर्म भर्न दिनु भन्ने जवाफ आएमा अदालतको आदेश कार्यान्वयन हुने अवस्था हुन्छ । तर, पुरानै निर्णय यथावत रहेमा अदालतको आदेश कार्यान्वयन हुने अवस्था रहँदैन', श्रेष्ठले भने ।

नयाँ शैक्षिक सत्रका लागि पाठ्यपुस्तक छपाइ अझै अन्योल

झापा । नयाँ शैक्षिक सत्र सुरू हुन साढे तीन महिना बाँकी हुँदा पनि स्कुले पाठ्यपुस्तक छपाइको टुङ्गो लागेको छैन । छपाइको जिम्मेवारी दिन ढिलाइ गर्ने र नभ्याउने भन्दै निजी प्रकाशकलाई छाप्ने जिम्मेवारी दिने प्रवृत्ति निकै पुरानो हो । यसरी निजी प्रकाशकलाई प्रकाशनको जिम्मा दिँदा आर्थिक चलखेल हुने गरेको आरोप लाग्दै आएको छ ।

जनक शिक्षा सामग्री केन्द्रले समयमा पाठ्यपुस्तक छाप्न नसकेको भन्दै छपाइमा डेढ दशकअघिदेखि निजी प्रकाशकलाई प्रवेश गराइँदै आएको छ । गत वर्ष कक्षा १ देखि ५ सम्मका पाठ्यपुस्तक निजी प्रकाशकले र कक्षा ६ देखि १२ सम्मका पाठ्यपुस्तक जनक शिक्षालाई छाप्न दिइएको थियो । अघिल्लो वर्ष कक्षा १ देखि ३ सम्मका पाठ्यपुस्तक निजीलाई छाप्न दिने निर्णय भएको थियो । कुन तहदेखि कुन तहसम्म जनक शिक्षा र निजी प्रकाशकलाई छपाइको जिम्मा दिने भन्ने निर्णय नहुन्जेल ती प्रकाशक अन्योलमा रहने गरेकाले छपाइ कार्य स्थगित गर्ने गरेका छन् ।

पाठ्यक्रम विकास केन्द्रले पाठ्यपुस्तक छपाइको निर्णय गरिदिन गत कात्तिकमै फाइल शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा पठाएको थियो । दुई महिना बित्दा पनि फाइल मन्त्रालयमा थन्किएको छ । समयमा निर्णय हुन नसक्दा आगामी शैक्षिक सत्रका लागि समयमै पाठ्यपुस्तक विद्यार्थीका हातमा पुग्न नसक्ने जोखिम रहन्छ । सो निर्णयपछि पाठ्यक्रम विकास केन्द्रले निजी प्रकाशकसँग प्रस्ताव आह्वान गर्नुपर्ने हुन्छ ।

प्रस्ताव स्वीकृतिपछि मात्र निजी प्रकाशकले पाठ्यपुस्तक छाप्न पाउने अवस्था रहन्छ । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका प्रवक्ता शिवकुमार सापकोटाले भने, "आवश्यक छलफल भइरहेको छ । छिटै निर्णय गर्ने छौँ ।" गत वर्ष सरकारले कक्षा १ देखि ५ सम्मका विद्यार्थीका लागि एक करोड २० लाख थान पाठ्यपुस्तक छाप्ने जिम्मेवारी निजी क्षेत्रलाई दिने निर्णय गरेको थियो । कक्षा ६ देखि १२ सम्मका एक करोड ७० लाख थान पाठ्यपुस्तक जनक शिक्षाले छापेको थियो ।

कार्ययोजना पेश नगर्ने सहकारीलाई विभागले सोध्यो स्पष्टिकरण

झापा । सहकारी विभागले स्वेतपत्र, बचत फिर्ता कार्ययोजना र सञ्चालकको सम्पत्ति विवरण पेश नगर्ने सहकारीलाई स्पष्टिकरण सोधेको छ ।

विभागले कार्तिक २५ गते निर्देशन जारी गर्दै २०८० साल मंसिर मसान्तभित्र स्वेतपत्र, बचत फिर्ता कार्ययोजना र सञ्चालकको सम्पत्ति विवरण पेश गर्न भनेको थियो । तर, कतिपय सहकारी संस्थाहरूबाट प्राप्त हुन नआएको भन्दै विभागले पुन सूचना जारी गरेको छ ।

विभागले जारी गरेको सूचनामा भनिएको छ, 'तोकिएको समयभित्रै उक्त विवरणहरू पेश नगर्ने सहकारी संस्थाहरूले के कति कारणले विवरण पेश नगरेको हो, चित्तबुझ्दो आधार र कारण खुलेको स्पष्टिकरण सहित यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिनभित्र उल्लेखित सम्पूर्ण विवरणहरू पेश गर्नुहुन सूचित गरिन्छ ।' पेश नगर्ने सहकारीलाई कानून बमोजिम कारवाही प्रक्रिया अगाडि बढाईने समेत विभागले जनाएको छ ।

बुद्धशान्तिको...

को दफा २२ बमोजिम गठन भएको समितिको प्रतिवेदनमा आर्थिक वर्ष २०७४/०७५ देखि आर्थिक वर्ष २०७८/०७९ सम्ममा देखिएका लगति बेरूजुको अवस्था देखाइएको छ ।

बेरूजुमा कार्यालयले खरिद गरेका साम्रगीहरू जिन्सी दाखिला नगरेको, वडागत रूपमा किसानहरूलाई वितरण गर्न खरिद गरिएका सामग्रीहरू किसानलाई बुझाएको भर्पाई पेश नभएको, उपभोक्ता मार्फत गरिएका विभिन्न सडक ग्राभेलहरूको लागत स्टमेट, ठेक्काको बिल जस्ता कागजात संलग्न नभएको, विभिन्न संस्थालाई रकम भुक्तानी गर्दा फोटोकपी बिल संलग्न भएको सभामा प्रस्तुत गरिएको थियो । यसका साथै स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २२ र गाउँसभा र नगर सभा संचालन ऐन, २०७५ को दफा ३६(१) को परिधिभित्र रही अर्थ तथा सामाजिक लेखा समितिले सुझाव समेत दिएको थियो ।

सभामा सातै वटा वडाका वडाध्यक्ष, कार्यपालिका सदस्य, सदस्य, कर्मचारी, सञ्चारकर्मी लगायतको उपस्थिति रहेको थियो । सभामा संशोधन तथा अनुमोदनका लागि पेश भएका वजेटलाई समेत पारित गरिएको थियो ।

घर जग्गा खरिद बिक्रीका लागि सदैव
हामीलाई सम्झनुहोस् ।
झापाली दाहाल्स मल्टी पर्पोज कम्पनी प्रा.लि
बुद्धशान्ति-३, बुधबारे, झापा
मनेष दाहाल
प्रोपाइटर
निर्देश गुरुङ
व्यवस्थापक
सम्पर्क : ९८५२६७८६४५, ९८४२६९६८८८

अबतपाई हाम्रो शहर बुधबारेमा
लिला डाइग्नोष्टिक सेन्टरमा उपलब्ध सेवाहरु :
डा.दिनेश पोखेल
एमबीबीएस एमडी रेडियोलोजिस्ट
भिडियो एक्स्रे, युसीजी सेवा
(प्रत्येक आइतबार र मंगलबार बिहान १०:०० बजेदेखि)
डा. आकाश कोइराला
एमबीबीएस एमडी, बरिष्ठ फिजिसियन (BPKIHS DHARAN)
पेट, छाती, दम, मुटु रोग बिशेषज्ञ
(प्रत्येक दिन दिनको ३:०० बजेबाट)
डा.दिपायल पाण्डे
एमबीबीएस एमडी (BPKIHS DHARAN)
बरिष्ट छाला, यौन तथा सौन्दर्य रोग विशेषज्ञ
डेल्फी स्किन दमकबाट (हरेक बिहीबार १:०० बजेबाट)
डा.ज्योती अग्रवाल
एमबीबीएस एमडी (BPKIHS DHARAN)
बरिष्ट बाल रोग तथा नवजात रोग बिशेषज्ञ
(प्रत्येक मंगलबार र शनिबार)
डा. अजय अग्रवाल
एमबीबीएस एमडी (BPKIHS DHARAN)
वरिष्ठ स्त्री तथा प्रशुती रोग विशेषज्ञ
(प्रत्येक मंगलबार र शनिबार)
नोट : यहाँ प्याथोलोजी, ल्याब, भिडियो एक्सरे, फार्मेसीको सुविधा समेत उपलब्ध छ ।
लिला डाइग्नोष्टिक सेन्टर
बुद्धशान्ति-१, बुधबारे बजार (बीच चोक) पुरानो चिउरा मिल अगाडि
सम्पर्क नं. ९८२४२०५३३०/९८४९५०९८१७

श्री पशुपति ज्वेलरी शप
बुद्धशान्ति-३, झापा
हाम्रा सेवाहरु :
यहाँ पुराना तथा आधुनिक डिजाइनका गरगहनाहरु उचित मुल्यमा पाउनुका साथै ग्रह तथा राशीका पत्थरहरु सुफत मुल्यमा पाइन्छ ।

'ग्राहकको सन्तुष्टि नै हाम्रो चाहाना हो ।'
सम्पर्क : ९८४२६९६८२७/ ९८१५०१८९७०

जाडोबाट बच्न निम्न उपायहरु अवलम्बन गरौं
- तातो, झोलिलो पदार्थ प्रशस्त मात्रामा पिउने गरौं,
- न्यानो कपडा लगाऔं,
- घाम वा आगो तापौं,
- तेल मालिस गरौं,
- शारीरिक व्यायाम गरौं,
- बालबालिका, ज्येष्ठ नागरिक तथा अशक्तले सकेसम्म चिसोको समयमा घर बाहिर ननिस्कौं,
- ताजा र पौष्टिक खानेकुरा खाऔं,
- जाडोबाट बच्ने नाममा धूम्रपान तथा मद्यपान नगरौं,
- स्वास्थ्यमा कुनै समस्या परेमा चिकित्सक वा स्वास्थ्यकर्मीसँग परामर्श लिऔं ।

बुद्धशान्ति गाउँपालिका
बुधबारे, झापा

पी.एस.टी नेपाल मिडिया प्रा.लि.द्वारा प्रकाशित पालिका सन्देश साप्ताहिक, कार्यालय : बुद्धशान्ति-३ झापा, सम्पर्क :९८६१०४२८०४, अध्यक्ष : **सुरज दंगाल** कार्यकारी सम्पादक : **विष्णुप्रसाद लामिछाने,** सम्पादक : **तीर्थराज तिम्सिना**
क.दर्ता नं २६०८९९/०७७/०७८, इमेल : *palikasandesh@gmail.com,tirthatimsina508@gmail.com*, ले-आउट : **सन्तोष शर्मा,** मुद्रण : श्री गणपति अफ्सेट प्रेस, बिर्तामोड, झापा ।

प्रेरक भनाइ

मलाई आलोचना मन पर्दछ, किनभने आलोचनाले बलियो बनाउँछ- **लिब्रन जेम्स** ।

सम्पादकीय

धान उत्पादन सन्तोषजनक

मुलुकको कुल गार्हस्थ्य उत्पादनमा एक चौथाइभन्दा बढी हिस्सा कृषि क्षेत्रको छ, जसमा प्रमुख बाली धान हो। यसको उत्पादन बढ्नु खुसीको कुरा हो। धान सुपरजोनको जिल्लाका रुपमा कोशी प्रदेशमै अगाडि आउने झापा जिल्लामा गत वर्षको तुलनामा यसबर्ष धान उत्पादनमा उल्लेखनीय वृद्धि भएको छ। मौसम अनुकूल र रोग किराको प्रभाव कम भएका कारण उत्पादनमा वृद्धि भएको कृषि ज्ञान केन्द्र झापाले जनाएको छ। अघिल्लो वर्षको तुलनामा खेतीयोग्य जमिन घटेपनि धानको उत्पादन भने बढेको छ। कहिँ कतै धानबालीमा लागेको रोगकिरा समेत समयमै नियन्त्रण गर्न सफल भएको र मौसम पनि अनुकूल भएका कारण धान उत्पादन बढेको ज्ञान केन्द्रको भनाइ छ। किसानले उन्नत जातको बीउलाई प्राथमिकता दिनु तथा मौसम पनि अनुकूल भएकाले धान उत्पादन वृद्धि भएको हो।

यसवर्ष झापाको ८५ हजार सात सय ५० हेक्टर क्षेत्रफलमा धान खेती लगाइएको थियो। त्यसबाट चार लाख ३६ हजार चार सय ६७.५ मेट्रिक टन धान उत्पादन भएको छ। अघिल्लो वर्ष ८६ हजार ६ सय २५ हेक्टर क्षेत्रफलमा धान खेती गर्दा झापाका किसानले चार लाख २७ हजार आठ सय ७५ मेट्रिक टन धान फलाएका थिए। झापाका अधिकांश स्थानीय तहले यसवर्ष किसानलाई उन्नत जातको धानको बीउ उपलब्ध गराएका थिए। यसले पनि धानको उत्पादन बढाउन सहयोग पुगेको हो। अन्न भण्डारको जिल्लाका रूपमा चिनिएको झापामा यसवर्ष धानको उत्पादकत्व प्रतिहेक्टर ५ दशमलब ०९ छ। खेती किसानीका भरमा जीवन चलाउँदै आएका किसान उत्पादन बढेपछि हर्षित भएका छन्। उत्पादन बढे पनि लागत अनुसार धानको उचित मूल्य पाइन्छ कि पाइँदैन भन्ने किसानको यसअघिको निराशा हटेको छ। सरकारले निर्धारण गरेको समर्थन मूल्यभन्दा माथि झापाका बजारमा धानको कारोबार भइरहेको किसान बताउँछन्। कृषि ज्ञान केन्द्रका अनुसार झापामा ५ देखि ७ जातका धानबाली लगाइएको छ। उत्पादनमा भएको वृद्धि र समर्थन मूल्यभन्दा माथि धानको किनबेचमा भइरहेको कारोबारले यसवर्ष ठूलो राहत पाएको किसानको अनुभव छ।

अझ आउँदो दिनमा धान उत्पादनलाई बृद्धि गर्न तथ्यलाई मनन गर्दै आत्मनिर्भरताका लागि उत्पादनमा ध्यान दिन अत्यावश्यक छ। धानलाई राष्ट्रिय गौरबको बालीका रूपमा पहिचान गरेर यसको उत्पादकत्व वृद्धिमा लाग्नुको विकल्प छैन। सिँचाइ र समयमै मल-बीउको प्रबन्ध मिलाएर धान उत्पादनलाई बढाउन सरकार लागि पर्नुपर्छ। एकातर्फ खेति गर्ने कृषकको संख्या दिनानुदिन घट्दै गएको छभने अर्कातर्फ जमिनको उत्पादकत्व पनि घटिरहेको छ । यस अवस्थामा धानको उत्पादन र उत्पादकत्व बढाउन मल, बीउ, बाली संरक्षण, कृषि यन्त्रको पाटोतर्फ सरकारले उचित चासो दिन जरुरी छ।

कोशीमा एक वर्षमा ५ सरकार

३ मुख्यमन्त्री, २१ मन्त्री

बिराटनगर । ४ मंसिरको चुनावबाट गठन भएको कोशी प्रदेशसभाले एक वर्षको अवधिमा पाँचवटा सरकार बनाएको छ र प्रदेशको नाम राखेको छ । यस अवधिमा बजेटसँग सम्बन्धित विधेयक र केही अध्यादेशको प्रतिस्थापन विधेयकसमेत गरी ७ वटा विधेयक पारित गरेको छ ।

सरकार बनाउने र गिराउने खेलले संसदीय गतिविधि प्रभावित भए । पाँच वटा सरकार बन्दा ३ जना मुख्यमन्त्री र २१ जना मन्त्री बनेका छन् । प्रदेशसभाको दोस्रो कार्यकालको सबैभन्दा ठूलो उपलब्धि प्रदेशको नाम हो । २०७९ फागुन १७ गते प्रदेशसभाको बैठकले प्रदेशको नाम कोशी राखेको थियो । नेकपा एमाले, कांग्रेस, माओवादी केन्द्र र राप्रपाका प्रदेशसभा सदस्यहरूले मतदान गरेपछि कोशीको पक्षमा दुई तिहाइ मत पुगेको थियो । तर पहिचानको आधारमा प्रदेशको नाम राख्नुपर्ने माग गर्दै आएका विभिन्न जातीय संस्था र राजनीतिक दलहरूले कोशी नामकरणको विरोधमा आन्दोलन गरिरहेका छन् ।

आन्दोलनको क्रममा एक जनाको मृत्युसमेत भएको छ । नामाङ्कनपछि प्रदेशका सांसद र मन्त्रीलाई पहिचान पक्षधरले बहिस्कार अभियान चलाइरहेको छ । कोशी प्रदेशसभाले एक वर्षमा प्रदेशको नाम संशोधन गर्न बनेको विधेयक, केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयक, प्रदेश निजामती सेवा ऐनको संशोधन विधेयक र बजेटसँग सम्बन्धित विधेयकहरू पारित गरेको छ ।

प्रदेशसभाको दोस्रो कार्यकाल सुरू भएपछि गत २४ पुसमा नेकपा एमाले, माओवादी केन्द्र, राप्रपा र जनता समाजवादी पार्टीको समर्थनमा एमालेका हिक्मतकुमार कार्की मिलिजुली सरकारको मुख्यमन्त्री बनेका थिए । एक वर्ष अवधिमा हिक्मतकुमार कार्की दुई पटक र कांग्रेस संसदीय दलका नेता उद्धव थापा दुई पटक मुख्यमन्त्री भए र अहिले कांग्रेसकै केदार कार्की मुख्यमन्त्री छन् ।

२४ कार्कीमा मुख्यमन्त्री बनेका एमाले नेता हिक्मत कार्की १४ असारसम्म पदमा रहे । माओवादी र जनता समाजवादी पार्टीले समर्थन फिर्ता लिएपछि कार्कीले प्रदेशसभामा विश्वासको मत पाउन सकेनन् र पदमुक्त भए । त्यसपछि माओवादी केन्द्र, एकीकृत समाजवादी र जनता समाजवादी पार्टीको समर्थनमा कांग्रेसका उद्धव थापा २१ असारमा मुख्यमन्त्री त बने, तर ९३ सदस्यीय प्रदेशसभा सदस्यमध्ये आवश्यक ४७ सांसद नभए पछि सभामुख बाबुराम गौतमको समेत समर्थन लिए ।

सर्वोच्च अदालते सभामुखको समर्थनमा मुख्यमन्त्री बन्नु असंवैधानिक बनेपछि थापा ११ साउनमा पदमुक्त भए । त्यसपछि सत्ता गठबन्धनले सभामुख बाबुराम गौतमलाई राजीनामा गरायो र माओवादी सांसदको हैसियतमा समर्थन गरेपछि १६ साउनमा फेरि थापा नै दोस्रो पटक मुख्यमन्त्री बने । प्रदेशप्रमुखले मुख्यमन्त्री नियुक्त गरे पनि थापाले प्रदेशसभामा विश्वासको मत लिने बेलामा पुनः सभाको अध्यक्षता गरेका कांग्रेस सांसद इस्राइल मन्सुरीले पनि मतदान गरे । त्यसलाई पनि सर्वोच्चले असंवैधानिक भनेपछि २१ भदौमा थापा पुनः दोस्रो पटक पनि पदमुक्त भए ।

त्यसपछि सर्वोच्चको आदेश अनुसार नै प्रदेशसभाको सबैभन्दा ठूलो दलको संसदीय दलको नेताका रूपमा एमालेका हिक्मत कार्की २२ भदौमा मुख्यमन्त्री नियुक्त भए । विश्वासको मत पाउने सम्भावना नदेखेपछि कार्कीले २० असोजमा राजीनामा दिए ।

२७ असोजमा कांग्रेस नेता डा. शेखर कोइराला पक्षका ८ जना र एमालेका सांसदहरूको समर्थनमा कांग्रेसका केदार कार्की मुख्यमन्त्री बने । संविधानको धारा १६८ (५) अनुसार विश्वासको मत पाउने आधार पेश गर्ने प्रदेशसभा सदस्यको रूपमा कार्की मुख्यमन्त्री बनेका थिए, जुन प्रदेशसभामा सरकार गठनको अन्तिम विकल्प पनि हो ।

२१ जना मन्त्री

एक वर्षमा पाँच वटा सरकार र ३ वटा मुख्यमन्त्री पाएको कोशी प्रदेशसभामा २१ जना मन्त्री भइसकेका छन् । हिक्मतकुमार कार्की नेतृत्वको पहिलो सरकारले २५ पुसमा एमालेबाट तिलकुमार मेन्याङ्बो, राप्रपाबाट भक्ति सिटौला र जसपाकी निर्मला लिम्बूलाई मन्त्री नियुक्त गरेका थिए ।

२९ पुसमा माओवादी केन्द्रबाट दुर्गा चापागाई र जीवन आचार्य र एमालेबाट बुद्धिकुमार राजभण्डारी मन्त्री बने । मेन्याङ्बो र सिटौला १७९ दिन, चापागाईं, आचार्य र राजभण्डारी १७५ दिन मन्त्री बने भने लिम्बूले १४२ दिनमै राजीनामा दिएकी थिइन् । २२ असार २०८० मा मुख्यमन्त्रीको जिम्मेवारी सम्हालेका उद्धव थापाले नेकपा एकीकृत समाजवादीबाट कमलप्रसाद जबेगू र कांग्रेसबाट प्रदीपकुमार सुनुवारलाई मन्त्री बनाएका थिए, उनीहरू जम्मा २६ दिन मन्त्रीको जिम्मेवारीमा रहे । उनकै सरकारमा माओवादीका जीवन आचार्य, राजेन्द्र कार्की र कांग्रेसबाट रामकुमार खत्री २४ दिन मन्त्री भए ।

१६ साउनमा पुन मुख्यमन्त्री बनेका थापाले १७ साउनमा माओवादीबाट बाबुराम गौतम, कांग्रेसबाट प्रदीपकुमार सुनुवार र नेकपा एकीकृत समाजवादीबाट कमलप्रसाद जबेगुलाई पुनः मन्त्री नियुक्त गरे । २६ साउनमा जसपाकी सांसद निर्मला लिम्बू पनि मन्त्री बनेकी थिइन् । प्रदेशसभा ज्येष्ठ सदस्य गयानन्द मण्डलले पनि राज्यमन्त्रीको जिम्मेवारी पाए । उनीहरू पनि करिब एक महिना मन्त्री भएर पदमुक्त भए ।

२२ भदौमा मुख्यमन्त्री बनेका हिक्मतकुमार कार्कीले एमालेबाट तिलकुमार मेन्याङ्बो, पाँचकर्ण राई, एकराज कार्कीलाई मन्त्री र सिर्जना राईलाई राज्यमन्त्री बनाए । ८ असोजमा बुद्धिकुमार राजभण्डारी, लिलाबल्लभ अधिकारी र निरन राई, रामप्रसाद महतोलाई मन्त्री बनाए । उनीहरू पनि करिब एक महिनामै पदमुक्त भए ।

पाँचौं मुख्यमन्त्री केदार कार्कीले एमालेका रामबहादुर राना मगर र शमशेर राईलाई पहिलो चरणमा मन्त्री बनाएका थिए । कार्की गठबन्धनमा फर्किएपछि एमालेका मगरले १८ कात्तिकमा राजीनामा दिए । मुख्यमन्त्री कार्कीले १७ कात्तिकमा माओवादी केन्द्रबाट गणेश उप्रेती र नेकपा एकीकृत समाजवादी पार्टीबाट कमलप्रसाद जवेगुलाई मन्त्री बनाएका थिए । उनले फेरि सरकार विस्तार गर्ने तयारी गरेका छन् ।

सभामुख रिक्त, संसदीय समिति नेतृत्वविहीन

सरकार गठन र विघटनको दौडमा एक वर्ष बिताएको प्रदेशसभाले यो अवधिमा संसदीय समितिलाई पनि पूर्णता दिन सकेको छैन । १६ साउनदेखि रिक्त रहेको सभामुखको छनोट गर्न पनि सकेको छैन । संसद सुरू भएको १० महिनापछि २२ कात्तिकमा संसदीय समिति गठन भएको थियो । सभापतिको निर्वाचन प्रक्रिया अघि बढेको छैन ।

सत्ता गठबन्धनले सभामुखको निर्वाचनपछि संसदीय समितिलाई पूर्णता दिने तयारी गरिरहेको छ । तत्कालिन सभामुख बाबुराम गौतमले राजीनामा दिएपछि १६ साउनयाता कोशी प्रदेश सभामुखविहीन छ । सत्तारूढ गठबन्धनले राप्रपालाई सभामुखको जिम्मेवारी दिने सहमति गरिसकेको छ । राप्रपाले अम्बरबहादुर विष्टलाई उम्मेदवार बनाउने तयारी गरेको छ । वर्तमान सरकार जोगाउन सत्ता गठबन्धनले सभामुख पद आफैँ लिन मिल्दैन । किनकी गठबन्धन दलसँग ४७ सांसद मात्रै छन्, जुन टुप्पलुक्क बहुमत हो । सत्ता गठबन्धनमा कांग्रेसका २९, माओवादी केन्द्रका १३, एकीकृत समाजवादी पार्टीका ४ र जसपाको एक सांसद छन् । प्रतिपक्षमा रहेको राप्रपासँग ६ र एमालेसँग ४० सांसद छन् ।

अहिले बिजनेस दिइरहेका छौं : मुख्यमन्त्री

मुख्यमन्त्री केदार कार्कीले सरकारले संसदलाई बिजनेस दिइरहेको बताएका छन् । आफू मुख्यमन्त्री बनेपछि बिजनेस अभावमा संसद बैठक नरोकिएको पनि उनको भनाइ छ । 'अहिलेको सरकारबाट संसदले बिजनेस नपाएको भन्ने छैन, निजामती सेवा ऐन पास भएको छ, स्थानीय तहको कर्मचारी सम्बन्धी विधेयक प्रदेशसभामा छ, समितिहरूमा पनि छलफल भइरहेको छ', उनले भने, 'यो सरकार बनिकन संसद प्रभावकारी रूपमा चलिरहेको छ ।' सरकार स्थिर भएको भन्दै उनले अब संसदको काम पनि प्रभावकारी हुने दाबी गरे । 'मुख्यमन्त्रीसँग प्रश्नोत्तर कार्यक्रम, मन्त्रीको जवाफदेहीता भइरहेको छ', उनले भने, 'संसद प्रभावकारी रूपमा चलिरहेको छ ।'

नेपालको...

भइरहेको अप्रशोधित, प्रशोधित नेपाली ब्रान्डको सुपारी निर्बाध रूपमा भारतलगायत अन्य मुलुकमा पुग्न सक्ने अवस्था सिर्जना गर्न सकेको खण्डमा नेपालमा उत्पादित सुपारीले यहाँका हजारौं कृषकको भविष्य उज्ज्वल पार्नेछ । अबका दिनमा नेपालमा सुपारी खेतीको व्यबसायीकरण भई सिङ्गो नेपालको अर्थतन्त्रमा यसले महत्वपूर्ण योगदान पुऱ्याउने निश्चित छ । भारत, बङ्गलादेश र पाकिस्तान जस्ता मुलुकमा नेपाली सुपारीको निर्यातको व्यबस्था मिलाउन सुपारीसम्बन्धी राष्ट्रिय नीति तर्जुमा गर्न र सुपारीको आयातलाई निरूत्साहित तुल्याउँदै स्वदेशी उत्पादनको निर्यातलाई प्रोत्साहित गर्न जरूरी छ । सुपारीको व्यबसायीकरणको निमित्त उन्नत जातको बिउ उपलब्ध गराउने, उत्पादन, प्रशोधनका प्रविधिको खोजी गर्ने, प्रशोधन बिधिमा सुधार ल्याउने, सुपारी खेतीमा लागेका कृषकहरूलाई सरल ब्याजमा ऋण उपलब्ध गराउने जस्ता नीतिगत व्यबस्थाको सरकारी तत्परता आजको खाँचो बनेको छ ।

नेपालमा उत्पादित सुपारीको निर्यात प्रबर्धनका लागि विदेशबाट कानुनबमोजिम अनियन्त्रित रूपमा पैठारी भई भारततर्फ चोरी निकासी हुने नेपाली उत्पादनको प्रमाणपत्र जारी गरी भारत निकासी गर्ने प्रवृत्तिले सुपारी निर्यातमा सकस भएको देखिन्छ । स्वदेशी उत्पादनलाई प्रभावकारी संरक्षण गर्न विदेशी सुपारीको पैठारीलाई नियन्त्रण गर्न आवश्यक छ । नेपालमा उत्पादित सुपारीको तथ्याङ्कलाई विश्लेषण गरेर मात्र सुपारी पैठारीको व्यबस्था मिलाउनु पर्छ । यस प्रकारको विश्लेषणपश्चात् देशभित्रको खपत घटाएर नेपालमा उत्पादित सुपारी निर्यात गर्ने नीति अवलम्बन गर्न जरूरी छ ।

भारत सरकारबाट नेपालको कृषिजन्य वस्तुलाई रिहायती प्रवेशको सुविधा दिएको छ । मूल्य अभिवृद्धि नगरी कच्चा पदार्थको रूपमा अदुवा, अलैंची, मरिच, केराउ, सुपारी आदि कच्चा पदार्थकै रूपमा निर्यात गर्ने सुविधाको उपयोग गर्दै यी र यस्ता कृषिजन्य वस्तु भारत निर्यात हुने गरेका छन् । स्वदेशी उत्पादनको संरक्षण गर्न एन्टिडम्पिङ कानुन कार्यान्वयनमा आए पनि सुपारी लगायतका वस्तु तेस्रो मुलुकबाट नेपालमा आयात गरी नेपाली उत्पादनको प्रमाणपत्र बनाउने र चोरी निकासी गर्ने व्यापारिक क्रियाकलापलाई सरकारले नियन्त्रण गर्न नसक्दा विगत केही वर्षदेखि स्वदेशी उत्पादनको सुपारी निकासी हुन नपाएको अवस्था देखिन्छ ।

उल्लेखित पृष्ठभूमिमा नेपालमा उत्पादन भएको सुपारी विदेश निर्यात गर्नेसम्बन्धी समस्या समाधान गर्न सन्तुलन र नियन्त्रणको नीतिगत व्यबस्था गर्न आवश्यक छ । यसका लागि स्वदेशी सुपारीको उत्पादन प्रशोधन र बजारीकरणमा देहायअनुसार गर्नुपर्ने सुझाव रहेका छन् ।

उत्पादनको तह :

(क) यस तहमा सुपारी कृषकहरूलाई प्राथमिकतामा राखी नीति निर्माण गर्नुपर्ने हुन्छ । यसका लागि सर्वप्रथम झापामा स्थापना भएको सुपारी जोनको कार्यक्षेत्र विस्तार गरी झापा, मोरङ, इलाम र सुनसरीका सुपारी खेती भएका सबै क्षेत्रहरु समेट्ने ।

(ख) सुपारी खेतीमा आबद्ध कृषकलाई सुपारी जोन कार्यक्रममार्फत बिउ, बिरूवा, मल, किटनाशक औषधी र नर्सरीमा अनुदानको व्यबस्था गर्ने ।

(ग) सुपारी किसानको पहिचान सुपारी खेती विकास संस्थाले गर्ने । सुपारी जोन कार्यालयले सुपारी खेती विकास संस्थाले सिफारिस गरेको आधारमा अनुदान रकम सम्बन्धित कृषकको बैङ्क खातामा जम्मा गर्ने ।

(घ) सुपारी कृषकले उत्पादन गरेको सुपारी सहकारी संस्थाले अनिवार्य खरिद गर्नुपर्ने व्यबस्था गर्ने ।

(ङ) काँचो सुपारी चोरी निकासी हुन नदिन कृषकहरूले अन्य पोके व्यापारीलाई काँचो सुपारी बिक्री नगर्ने ।

प्रशोधनको तह :

(क) किसानहरूको सुपारी जिल्लास्थित सुपारी सहकारीहरूले अनिवार्य रूपमा खरिद गर्नुपर्ने व्यबस्था गर्ने ।

(ख) नेपाल सरकारको जमानतमा बैङ्कमार्फत सुपारी सहकारी संस्थालाई काँचो सुपारी खरिद गरी प्रशोधन गर्न रिहायती ब्याजदरमा कर्जा उपलब्ध गराउने ।

बजारीकरणको तह :

(क) प्रशोधित सुपारी सहकारीले मात्र कच्चा पदार्थको रूपमा विदेश निकासी गर्ने ।

(ख) स्वदेशी कृषिजन्य उत्पादन कच्चा पदार्थका रूपमा विदेश निर्यात गर्ने प्रयोजनका लागि व्यापार तथा निकासी प्रबर्धन केन्द्रले उत्पत्तिको प्रमाणपत्र जारी गर्ने व्यबस्था मिलाउने ।

(ग) उत्पत्तिको प्रमाणपत्र जारी गर्ने निकायले सुपारी खेती विकास संस्थाको सिफारिस अनिवार्य रूपमा लिने व्यबस्था गर्ने ।

(घ) सुपारीको माग आपूर्तिको विश्लेषण गरी नेपाल सरकारले विदेशी सुपारीको आयातका लागि परिमाणात्मक बन्देजका आधारमा आयात गर्न स्वीकृति दिने । यसरी आयात भएको सुपारी मूल्य अभिवृद्धि भई निर्यात भएमा मात्र उद्योगले निर्यात गर्न सक्ने व्यबस्था कडाइका साथ लागु गर्ने ।

- (लेखक कृषि बाली व्यबसाय प्रबर्धन संस्था नेपालका उपाध्यक्ष हुन् ।)

राम जानकी मन्दिरको छब्बिसौँ वार्षिक साधारणसभा

श्री रामजानकी मन्दिर
२६ औं वार्षिक साधारणसभा

बुधबारे । राम जानकी मन्दिर बुद्धशान्ति -३ झापाले आफ्नो २६औँ वार्षिक साधारण सभा सम्पन्न गरेको छ ।

मन्दिर समितिका अध्यक्ष टंक काफ्लेको सभापतित्व तथा माननीय सांसद कोशी प्रदेश प्रदेशसभा सदस्य चिन्तन पाठकको प्रमुख आतिथ्यतामा साधारणसभा सम्पन्न भएको थियो । सभामा विभिन्न मन्दिर समितिका प्रतिनिधि, विभिन्न विद्यालयका प्रतिनिधि, विभिन्न संघ संस्थाका प्रतिनिधि, समाजसेवी, सुरक्षाकर्मी, सञ्चारकर्मीको आतिथ्य रहेको थियो ।

पानसमा बत्ती बाली ब्यानर वाचन गरेर उद्घाटन गरिएको कार्यक्रममा संस्थाका सचिव जय भण्डारीले सञ्चालन गरेका थिएभने उपाध्यक्ष भगवती न्यौपानेले स्वागत गरेकी थिइन् ।

मन्दिरको सभाहलमा आयोजित साधारणसभामा सभापति काफ्लेले मन्दिरले गरेका प्रगति प्रतिवेदन गरेका थिए । सभामा संस्थाका कोषाध्यक्ष केशव सापकोटाले आर्थिक प्रतिवेदन प्रस्तुत गरेका थिए ।

पाथीभरामा साढे आठ करोड रुपियाँ भेटी संकलन

ताप्लेजुङ । प्रसिद्ध तीर्थस्थल पाथीभरा मन्दिर ताप्लेजुङमा झण्डै साढे आठ करोड रूपियाँ भेटी रकम संकलन भएको छ । हालसम्म भक्तजनले चढाएको तथा दान गरेको उक्त रकम बराबर भेटी संकलन भएको हो ।

पाथीभरा क्षेत्र विकास समितिका अनुसार मङ्सिर मसान्त सम्ममा कुल आठ करोड ४५ लाख ९४ हजार ३३६ रूपियाँ भेटी रकम संकलन भएको हो । समितिका कार्यकारी निर्देशक प्रजिन हाङ्बाङले पछिल्लो दुई महिना अर्थात् कात्तिक र मङ्सिर महिनामा मात्र ६८ लाख ११ हजार ११० रूपियाँ भेटी संकलन भएको बताए । कुल संकलित भेटी रकममध्ये चालू आर्थिक वर्षयता मङ्सिर मसान्तसम्ममा १० लाख ७० हजार ७८७ रूपियाँ खर्च भएको पनि हाङ्बाङले बताए ।

भेटी रकमबाहेक पाथीभरामा भक्तजनले चढाएको १८६ तोला छ लाल सुन रहेको पनि समितिले जनाएको छ । समितिका कार्यकारी निर्देशक हाङ्बाङका अनुसार ८६ तोला ९३ लाल सुन सुद्ध अर्थात् रिफाइन गरिएको रहेको छ भने बाँकी ९८ तोला ४१ लाल रिफाइन गरिएको सुन रहेको समितिका सदस्य एवम् सुनचाँदी व्यबस्थापन उपसमिति संयोजक शम्भुप्रसाद गौतमले बताए ।

बिर्तामोडमा 'स्पाइन एक्स' ट्रमा अस्पताल

बिर्तामोड । 'मेडिकल हब' बनिरहेको झापाको विर्तामोडमा मेरूदण्डको विशिष्ट उपचार हुने स्पाइन एक्स सुपर स्पेसलिटी हस्पिटल एन्ड ट्रमा सेन्टर उद्घाटन भएको छ । एसोसिएसन अफ स्पाइन सर्जन अफ नेपालका अध्यक्ष डा. बिनोद बिजुक्छेले विर्तामोड-३ भगवानचोकमा स्थापना भएको १५ शैय्याको उक्त अस्पताल एक कार्यक्रमका बीच उद्घाटन गरेका छन् ।

अस्पतालका सञ्चालक एवम् वरिष्ठ हाडजोर्नी विशेषज्ञ डा. प्रेमबहादुर शाहीले मेरूदण्ड (स्पाइन) सम्बन्धी उपचार गर्ने नेपालकै यो पहिलो ट्रमा सेन्टर भएको बताएका छन् । अस्पतालमा रू. ३० करोडको प्रारम्भिक लगानी रहेको जनाउँदै उनले यहाँ हाडजोर्नी, नशा तथा मेरूदण्ड सम्बन्धी सबै विशेषज्ञ उपचार सेवा प्रदान गरिने र एक वर्षपछि यसलाई विस्तार गरेर १०० शैय्याको बनाइने जानकारी दिए । सडक दुर्घटना हुँदा मानवीय क्षतिदर उच्च हुने र त्यसको तत्काल विशेषज्ञ उपचार सेवा उपलब्ध भएमा जीवन बचाउन सकिने सम्भावना भएकाले स्पाइन ट्रमा अस्पतालको आवश्यकता भएको उनले बताए । अस्पतालमा गुणस्तरीय र सर्वसाधारणको सहज पहुँच पुग्नेगरी सुलभ उपचार सेवा दिइने बताइएको छ ।

विर्तामोड नगरपालिकाकी नगरप्रमुख पवित्रा महतराले बिर्तामोड स्वास्थ्य उपचारको केन्द्र बनेकोमा खुशी व्यक्त गर्दै उपचारलाई कम आय भएका सर्वसाधारणको पहुँचयोग्य बनाउनु आजको चुनौति भएको बताइन् ।

मेरूदण्ड सर्जन डा. गौरवराज ढकालले हाडजोर्नी तथा मेरूदण्डको उपचारका लागि अब भारत धाउनु नपर्ने बताएका छन् । उनका अनुसार अस्पतालले कि-होल सर्जरी, जोर्नी प्रत्यारोपण, कम्प्लेक्स ट्रमा सर्जरी, बोन बायोप्सी, छिनेको हातखुट्टा जोड्ने उपचार, सीटी स्क्यान, अत्याधुनिक ल्याब, क्याबिनसहितको डे-केयर सर्जिकल मेडिकल वार्ड लगायतको उपचार सेवा तथा सुविधा प्रदान गर्ने भएको छ ।

SPINE X SUPERSPECIALITY HOSPITAL & TRAUMA CENTER
Grand Inauguration Ceremony
1st January, 2024
1st SPINE HOSPITAL IN NEPAL
1st PRIVATE TRAUMA CENTER

झापामा तोरी खेतीप्रति किसानको आकर्षण बढ्दै

झापा । झापामा तोरीखेतीप्रति किसानको आकर्षण बढ्दै गएको छ । सरकारी प्रोत्साहनसँगै उत्पादनको उचित मूल्य प्राप्त भएपछि यहाँका किसान तोरीखेतीतर्फ आकर्षित भएका हुन् ।

तोरीखेतीलाई प्रबर्धन एवम् प्रोत्साहन गर्न स्थानीय तहले अनुदान दिइरहेका छन् भने सङ्घीय सरकारबाट सशर्त अनुदान आएको कृषि ज्ञान केन्द्रका निमित्त प्रमुख सागर विष्टले जानकारी दिए ।

सङ्घीय सरकारबाट तोरीखेती प्रवर्धनका लागि झापाको बुद्धशान्ति गाउँपालिकामा २० लाख र मेचीनगर नगरपालिकामा ३० लाख आएको उनले बताए । "स्थानीय तहहरूले समेत आ-आफ्नो क्षमताअनुसार किसानलाई प्रोत्साहित गरिरहेका छन्", उनले भने "जसले गर्दा जिल्लामा तेलहन बालीतर्फ किसान आकर्षित भइरहेका छन् ।" झापामा तोरीखेतीको क्षेत्रफल बढोत्तरी हुँदै गएको छ ।

गत वर्ष पाँच हजार पाँच सय ८० हेक्टरमा तोरीखेती गरिएकामा यस वर्ष पाँच हजार आठ सय ४० हेक्टरमा तोरीखेती गरिएको छ । गत वर्ष झापामा छ हजार सात सय ३० मेट्रिक टन तोरी उत्पादन भएको थियो । यस वर्ष उत्पादन वृद्धि हुने आंकलन गरिएको छ । यस वर्ष झापाको हल्दिबारीमा सबैभन्दा बढी तोरीखेती गरिएको छ । त्यस्तै भद्रपुर, कचनकवल, दमक, मेचीनगर, बुद्धशान्ति लगायतका पालिकामा समेत उल्लेख्य मात्रामा तोरीखेती गरिएको छ ।

गत वर्षको सुरूआतमै रू. पाँच हजार चार सयमा प्रतिमन (४० किलो) बिक्री भएको तोरी यस वर्ष करिब छ हजारको हाराहारीमा पुग्ने अनुमान छ । उत्पादित तोरीको मूल्य उच्च हुनुका साथै अनुदानसमेत पाइने भएपछि किसान तोरीखेतीप्रति आकर्षित भएका हुन् ।

हातेमालोको २५औं वार्षिक साधारणसभामा सम्मान

HATEMALO SAVING AND CREDIT CO-OPERATIVE SOCIETY LIMITED
२५औं वार्षिक साधारण सभा
२६औं स्थापना दिवस

बुधबारे । हातेमालो बचत तथा ऋण सहकारी संस्था बुद्धशान्ति-३ झापाको २५औँ वार्षिक साधारणसभा एवम् २६औँ स्थापना दिवस सम्पन्न भएको छ ।

संस्थाका अध्यक्ष दिल कुमार श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रममा झापा जिल्ला बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष तुलाराम न्यौपानेको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो ।

स्थानीय आदर्श नमुना सामुदायिक वन समूहको पार्कमा भएको कार्यक्रममा अध्यक्ष श्रेष्ठले संस्थाको बार्षिक प्रगति प्रतिवेदन वाचन गरेका थिए । सोही अवसरमा उत्कृष्ठ बचत कर्तामा खड्ग वहादुर श्रेष्ठ ,उत्कृष्ठ ऋणी सदस्यमा लोक बहादुर खड्का, उत्कृष्ठ बाल बचतकर्तामा शान्ता देवी पौडेल, बर्ष उत्कृष्ठ कर्मचारीमा यसोदा खतिवडा, सकृय सदस्य भागिरथा मिश्र, साथै एसईई २०७९ मा उतकृष्ठ अंक ल्याउने प्रतिष्ठा ढुङ्गानालाई सम्मानपत्र, दोसल्ला र अविरटीका लगाएर सम्मान गरिएको थियो । त्यस्तै कार्यक्रममा संस्थाले ७० वर्ष भन्दा माथिका ज्येष्ठ सदस्यहरूलाई समेत सम्मान गरेको थियो ।

सभामा गाउँपालिका संघसंस्था शाखाकी प्रमुख निर्मला आचार्य, बुद्धशान्ति उद्योग बाणिज्य संघका अध्यक्ष चन्द्र उप्रेती, राम जानकी मन्दिर समितिका अध्यक्ष टंक काफ्ले, बुधबारे इलाका प्रहरी कार्यलयका प्रमुख भानु मगर, निवर्तमान अध्यक्ष गोबिन्द पौडेल, विभिन्न संघ संस्थाका प्रतिनिधि, संचारकर्मी लगायतको आतिथ्यता रहेको थियो ।

संस्थाकी उपाध्यक्ष मिरा भुर्तेलले स्वागत गरेको कार्यक्रमको सञ्चालन संस्थाका सल्लाहकार समिति सदस्य केशव ढुङ्गेलले गरेका थिए ।

वडाले दियो विद्यार्थीलाई साइकल

झापा । झापा शिवसताक्षी-४ का विपन्न परिवारका छोरा छोरीहरूलाई साइकल वितरण गरिएको छ ।

वडाका जेहन्दार तथा विपन्न छात्र छात्राहरूलाई शिक्षा आर्जन गर्न जान सहज होस भन्ने उद्देश्यले कक्षा ९ देखि १२ सम्मका ११ जनालाई साइकल वितरण गरिएको हो । उनीहरूलाई नगरप्रमुख मेगाहाङ्ग थोप्रा र वडाध्यक्ष विष्णुप्रसाद प्रसाईले उक्त साइकल प्रदान गरेका हुन् ।

साइकल प्रदान गर्दै नगरप्रमुख थोप्राले विपन्न समुदायका छोरा छोरीहरूलाई शिक्षा आर्जन गर्न २ देखि पाँच किलोमिटर सम्म जानु पर्ने भएकाले साइकल प्रदान गरिएको बताए । वडा नं. ४ का विद्यार्थी जनआदर्श मावि शिवगञ्ज र त्रिभुवन माविमा अध्ययरत छन् ।

नगरप्रमुख थोप्राले भने, अब विद्यार्थी विद्यालय समयमै स्कुल पुग्नेछन् । उनले वडा नं. ४ ले विपन्न नागरिकलाई केन्द्रमा राखेर काम गरेको प्रशंसा योग्य भएको बताए ।

रोगले अदुवा उत्पादनमा ह्रास

इलाम । इलाममा रोगका कारण अदुवा उत्पादनमा ह्रास आएको छ । सुरूआतमा अदुवाको गानो कुहिने र पछि बोट मर्न थालेपछि यहाँका अदुवा उत्पादन गर्ने किसान मारमा परेका छन् ।

रोगले अदुवाका बोट मर्न थालेपछि जिल्लाका अधिकांश किसानले अदुवा खेती गर्न छोडेका छन् । अदुवा इलामवासीको जीविकोपार्जनको गतिलो माध्यम हो । तर रोगका कारण किसानले अदुवा खेती गर्न छोड्दै गएका माइजोगमाई गाउँपालिका-३ का किसान मिलन खड्काले बताए । "इलामका किसानको आम्दानीको स्रोत अदुवा हो, यसबाट हुने आम्दानीले घर खर्च चलाउँदै आएका छौँ, तर पछिल्लो समय रोगका कारण समस्यामा छौँ", उनले भने, "अधिकांश किसानको रोजीरोटी धरापमा परेको छ ।"

अदुवामा गानो कुहिने, गबारो, पात बेरूवालगायत रोगको सङ्क्रमण देखिएको किसान रघुनाथ अर्यालले बतए । "सुरूमा गानो कुहिने र पछि पहेँलिँदै क्रमशः बोट मर्ने गरेको छ ।" उनले भने । अदुवाका लागि गानो कुहिने रोग सबैभन्दा हानिकारक मानिन्छ । गानो कुहिने रोगले अदुवाको फल नै सखाप पार्छ ।

उत्पादन घटेपछि अदुवा व्यापारी वैकल्पिक उपाय खोज्न थालेका व्यापारी जीवन पोखरेल बताउँछन् । उनले अदुवाको कारोबार छोडेर तीन वर्षयता कुचो र अलैँचीको व्यापारमा लागेका छन् । इलाममा अदुवाको उत्पादन, उत्पादकत्व र क्षेत्रफल घटेको कृषि ज्ञान केन्द्रका प्रमुख टोनी बर्देवाले बताए । गत वर्ष ५० हजार नौ सय ५५ मेट्रिक टन अदुवा उत्पादन भएको इलाममा यस वर्ष ५० हजार छ सय २० मेट्रिक टन मात्र उत्पादन भएको उनले बताए ।

तपाईंको साताको राशिफल

राशिफल
मीन
मेष
कुम्भ
वृष
मकर
मिथुन
धनु
कर्कट
वृश्चिक
सिंह
तुला
कन्या

मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ)
यो सातामा लगनशीलताको कमीले गर्दा ठूलो उपलब्धि हातपार्न नसकिएला। शंका तथा डरका कारण बनिसकेको काममा दुबिधा उत्पन्न हुन सक्छ। चोटपटकको भय छ सचेत रहनुहोला। धर्मकर्म तथा समाज सेवामा मन लाग्नेछ।

वृष (इ, उ, ए, ओ, वा, वि, वु, वे, वो)
यो हप्ता भाग्यले विभिन्न अवसर जुराउनेछ। धार्मिक यात्रा गर्ने अवसर प्राप्त हुनेछ। आदर्श व्यक्तित्व सँगको सहकार्यले नयाँ अनुभव मिल्नेछ। अध्ययन अध्यापनको क्षेत्रमा सफल रहने योग छ।

मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, हा)
यो सातमा बोलीको प्रभाव बढ्नेछ नयाँ कमको थालनी हुनेछ। पढाइमा प्रगति नै हुनेछ। कसै सैलाई परदेशी घर फर्कने र घरपरिवारमा र रमाइलो वातावरण मिल्नेछ। प्रेमीसँग कुनै न कुनै माध्यमबाट भेटघाट हुनेछ।

कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)
यो साता बुद्धिको उपयोग गर्नाले जटिल ठानिएको कामसमेत सम्पादन हुन सक्छ। माया प्रेममा आत्मियताको बढोत्तरी हुनेछ। टाढा रहेका आफन्तसँग प्रविधि मार्फत भेटघाट हुनेछ। धन सञ्चयको अवसर प्राप्त हुनेछ।

सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)
यो सातामा विवेकले काम नगर्न सक्छ र खानपिनमा सचेत रहनु नै उचित हुनेछ। गरेको कार्यमा अवरोध आउला। तर्क, विवाद र प्रतिस्पर्धाबाट टाढै रहनु होला। मनमा दबाब र तनाव बढेको महसुस हुनेछ।

कन्या (टो, पा, पि, पु, ष, ण, ठ, पे, पो)
यो साता धार्मिक कार्य र सभासमारोहमा सरिक हुने सम्भावना छ। रमाइलो यात्रा गर्ने अवसर जुट्न सक्छ। परोपकारी कार्यमा संलग्न भइनेछ। रोकिएको काम दोहोर्याएर प्रयत्न गर्दा सफलता मिल्नेछ। शुभकार्यको चर्चा चल्नेछ।

तुला (रा, रि, रु, रे, रो, ता, ति, तु, ते)
प्राविधिक काममा विशेष सफलता प्राप्त मिल्नेछ। घुमफिरमा आकर्षण बढ्नेछ। आफ्नै दक्षतामा विभिन्न कार्यहरू सम्पन्न हुनेछन्। एकपछि अर्को अवसर आउनाले मन प्रसन्न रहनेछ। धार्मिक कार्य सफल रहनेछ।

वृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु)
यो सातामा नयाँ काम वा रोजगारको अवसर मिल्नेछ। वैदेशिक कार्य अघि बढ्नेछ। प्रेममा सम्बन्धमा मधुरता छाउनेछ। नयाँ कामको प्रस्ताव आउनेछ। ढिलै भएपनि अधुरा काम सम्पन्न होला।

धनु (ये, यो, भा, भि, भु, धा, फा, ढा, भे)
यो सातामा आहार विहार प्रति साबधानी अपनाउनु पर्छ। चित्त दुख्ने समाचार सुन्नु पर्नेछ। यात्रामा मालसामान हराउन पनि सक्छ। प्रतिष्ठामा दाग लाग्न सक्छ ख्याल गर्नुहोला। अधिकार प्राप्तिका लागि संघर्ष गर्नु पर्ला।

मकर (भो,जा,जि,जु,जे,जो,ख,खि,खु,खे,खो,गा,गि)
यो साता धार्मिक, सामाजिक महत्त्वको क्षेत्रमा भ्रमण हुनसक्छ। प्राविधिक तथा टेक्निकलका क्षेत्रबाट बढी सफलता मिल्नेछ। कसैकसैका लागि सन्तान प्राप्तिको योग छ। अहिलेको मिहिनेतले जीवनशैलीमा परिवर्तन आउनेछ।

कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, दा)
यो सातामा रमाइलो यात्रामा निस्कन सक्नुहुन्छ। छोटो दुरीको लाभदायक यात्रा रहला। प्रेमीबाट विषेश सहयोग मिल्नेछ। वैदेशिक कार्यमा सहजता मिल्नेछ। शुभकार्य र धार्मिक गतिविधिमा संलग्न हुने अवसर मिल्नेछ।

मीन (दि, दु, थ, झ, ञ, दे, दो, चा, चि)
यो साता समय शुभ छ उपयोग गर्नुहोला। बजार घुम्ने अवसर मिल्नेछ। बुद्धिको उपयोगले लक्ष्य पहिल्याउन सकिनेछ। सामाजिक र राजनैतिक क्षेत्रमा सफलता मिल्नेछ। नयाँ सवारी साधन प्राप्तिको योग छ।

इलाममा अलैंची उत्पादन बढ्यो

फिक्कल । इलाममा अलैँचीको उत्पादन बढेको छ । अलैँची खेती गरिएको जमिन घटे पनि उत्पादन भने बढेको कृषि ज्ञान केन्द्रले जनाएको छ ।

अघिल्लो वर्षको तुलनामा यस वर्ष सात दशमलव ९६ प्रतिशतले अलैँची उत्पादन बढेको उक्त केन्द्रका प्रमुख टोनी बर्देवाले जानकारी दिए । चालु आवमा एक हजार सात सय ५३ हेक्टर जमिनमा अलैँची एक हजार तीन सय २० दशमलव पाँच मेट्रिकटन अलैँची उत्पादन भएको छ ।

गत आवमा एक हजार सात सय ५५ हेक्टर जमिनमा अलैँची खेती गरिएकामा एक हजार दुई १५ दशमलव २६ मेट्रिकटन अलैँची उत्पादन भएको थियो । अलैँचीको बगान घटे पनि कृषकले करेसाबारीमै रोप्न थालेपछि उत्पादन र उत्पादकत्व पनि वृद्धि भएको हो । गत आवमा उत्पादकत्व प्रतिहेक्टर शून्य दशमलव ६९ रहेकामा चालु आवमा बढेर प्रतिहेक्टर शून्य दशमलव ७५ पुगेको उनले जानकारी गराए ।

यसअघि ओसिलो पाखाभित्ता र खोलाखोल्सीमा मात्र अलैँची खेती गरिएकामा पछिल्लो समय कृषकले अन्न बाली छाडेर करेसाबारीमा पनि अलैँची रोप्न रोप्दै आएका थिए । विभिन्न रोगको प्रकोपसँगै अलैँची बगान सखाप भएको र नयाँ बगानले उत्पादन दिन थालेकाले क्रमिकरूपमा उत्पादनमा सुधार हुँदै गएको छ । दानाबाट उत्पादन गरिएको निरोगी बिरूवाले उत्पादन पनि धेरै दिने र रोगको प्रकोपको सम्भावना पनि कम हुने भएकाले कृषकले विजु बिरूवा रोप्ने गरेका छन् । अलैँची विशेष गरी मसला, जडीबुटी तथा औषधिका रूपमा प्रयोग हुने गरेको पाइएको छ । अलैँची खेती जिल्लाका १० वटै स्थानीय तहमा आंशिकरूपमा हुने गरेको छ । त्यसमध्ये माइजोगमाई गाउँपालिका र सन्दकपुर गाउँपालिकामा बढी मात्रामा अलैँची खेती हुने गरेको छ ।

भिरालो, सेपिलो, ओसिलो र छहारी भएको जमिनमा उत्पादन हुने अलैँची खेती समुद्र सतहबाट सात सयदेखि दुई हजार एक सय मिटर उचाइसम्म हुने गरेको छ ।

यसैगरी एभोकाडोको पनि उत्पादन बढेको छ । गत वर्ष ५५ हेक्टर जमिनमा चार सय १९ दशमलव २२ मेट्रिक टन एभोकाडो उत्पादन भएकामा यस वर्ष ६० दशमलव पाँच हेक्टर जमिनमा चार सय २२ दशमलव पाँच मेट्रिकटन एभोकाडो उत्पादन भएको छ । उत्पादकत्व भने घटेको छ । गत वर्ष प्रतिहेक्टर सात दशमलव ६३ मेट्रिकटन एभोकाडोको उत्पादकत्व रहेकोमा यस वर्ष प्रतिहेक्टर सात दशमलव तीन मेट्रिक टन मात्र रहेको छ ।

त्यस्तै यस वर्षदेखि इलाममा ड्रागन फ्रुटको खेती विस्तार भएको छ । गत वर्ष शून्य दशमलव पाँच हेक्टर जमिनमा ड्रागन फ्रुट लगाइएकामा यसवर्ष दश हेक्टरमा जमिनमा लगाइएको केन्द्रले जनाएको छ ।

बुद्धशान्ति प्रेस क्लबमा नयाँ सदस्यता आह्वान

बुधबारे । बुद्धशान्ति प्रेस क्लबले नयाँ सदस्यता आह्वान गरेको छ । साधारणसभा पश्चात सोमबार बसेको कार्यसमितिको पहिलो वैठकले सो निर्णय गरेको हो । पत्रकारीतमा आवद्ध रही दुईवर्ष काम गरेको बुद्धशान्तिका सञ्चारकर्मीका लागि सदस्यता लिनका लागि आह्वान गरेको प्रेस क्लबका अध्यक्ष तीर्थराज तिम्सिनाले बताएका छन् ।

नयाँ सदस्यताका लागि संस्थाको विधान अनुरूप हस्तलिखित निवेदन सहित, नागरिकताको प्रतिलिपि, सञ्चार संस्थामा आवद्ध रहेको प्रमाण र सदस्यता शुल्क तिर्नुपर्ने क्लबका सचिव रोशन भट्टराईले बताए ।

सदस्यताका लागि पुष १७ गते दखि पुष मसान्तसम्म मिति तय गरिएको क्लबका सह-सचिव योगेन्द्र(ज्ञानु) भट्टराईले बताए । यसका साथै क्लबमा आवद्ध रहेका सदस्यहरूलाई समेत सदस्यता नविकरण गर्ने निर्णय गरिएको छ । क्लबले पत्रकारीता क्षेत्रमा आउन चाहने नागरिकलाई पत्रकारीता तालिम लिएर मात्रै प्रवेश गराउने समेत बताइएको छ । तालिमका लागि स्थानीय सरकार बुद्धशान्ति गाउँपालिका साथै स्थानीय संघसंस्थासंग समन्वय गर्ने अध्यक्ष तिम्सिनाले बताए ।

११ सदस्यीय समिति रहेको क्लबमा वैठकले रिक्त रहेका तिन सदस्यलाई समेत आगामी बैठकले मनोनित गर्ने बताइएको छ । बैठकमा भर्खरै मात्र तेस्रो बार्षिक साधारणसभा सम्पन्न गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्न सहयोग गर्ने संस्थाका सल्लाहकार, पूर्वअध्यक्ष, निर्वतमान अध्यक्ष तथा निर्वाचन मण्डललाई समेत धन्यवाद दिएको थियो ।

वि.सं.२०७६ सालमा स्थापना भएको पत्रकारहरूको छाता संगठनका रूपमा रहेको बुद्धशान्ति प्रेस क्लबले पत्रकारहरूको क्षमता अभिवृद्धि सम्बन्धी तालिम समय समयमा सञ्चालन गर्दै आएको छ ।

बालबालिकाको खानपान : अभिभावकले दिनु पर्छ ध्यान

- बालबालिकालाई उमेर अनुसार पौष्टिक खाना खुवाऔं,
- आवश्यकता अनुसारको खाना खाएपछि थप खानाका लागि करबल नगरौं,
- प्राकृतिक स्वाद जस्तैः घ्यू, मह, दूध तथा स्थानीय खानाहरूको स्वाद भएको खानेकुरा खुवाऔं,
- पत्रुखाना (जंकफूड) को प्रयोग नगरौं,
- बालबालिकालाई अभिभावकसँगै राखेर खाना खुवाऔं,
- बालबालिकाको दैनिक खाना खाने समय निर्धारण गरी सोही समयमा खाना खुवाउने गरौं,
- परिवारका सदस्य एवं बालबालिकाले खाना खाने समयमा मोबाईल तथा टि.भी.को प्रयोग नगरौं ।

कचनकवल गाउँपालिका
बनियानी, झापा

इप्रका बुधबारेमा मगरलाई स्वागत भट्टराईलाई बिदाई

बुधबारे । इलाका प्रहरी कार्यालयमा कार्यरत वरिष्ठ नायव निरीक्षक प्रविन भट्टराईको विदाई गरिएको छ भने इलाका प्रहरी कार्यालयको कमाण्ड सम्हाल्न आएका प्रहरी नायव निरीक्षक भानु मगरको स्वागत गरिएको छ ।

आइतबार इलाका प्रहरी कार्यालयको परिसरमा सामुदायिक प्रहरी सेवा केन्द्रको आयोजनामा भएको कार्यक्रममा अध्यक्ष धरणीधर पोखरेलको सभापतित्व तथा वडा नं. ४ का वडाध्यक्ष शेर बहादुर रायाको प्रमुख आतिथ्यता स्वागत तथा विदाई कार्यक्रम गरिएको थियो ।

कार्यक्रममा जनप्रतिनिधि, स्थानीय, समाजसेवी, राजनीतिक दलका प्रतिनिधि, सञ्चारकर्मी लगायतको उपस्थिति रहेको थियो ।

५ महिनामा २६ करोडको चुइगम आयात

काठमाडौँ । चालू आर्थिक वर्षको ५ महिनाको अवधिमा नेपालमा २६ करोड ८२ लाख २९ हजार रूपैयाँको चुइगम आयात भएको छ ।

भन्सार विभागको तथ्यांकअनुसार साउनदेखि मंसिरसम्मको अवधिमा उक्त मूल्यको चुइगम आयात भएको हो । विभागले ७ लाख ४८ हजार किलोग्राम चुइगम भित्रिँदा २१ करोड ५७ लाख रूपैयाँ भन्सार राजश्व संकलन भएको जनाएको छ । गत आर्थिक वर्षको यहि अवधिमा २५ करोड ९३ लाख रूपैयाँको चुइगम आयात भएको तथ्यांक छ । यो चालू वर्षको तुलनामा कम हो ।

तथ्यांकअनुसार भारतबाट २५ करोड ८९ लाख रूपैयाँको चुइगम आयात भएको छ । यस्तै, अमेरिकबाट ८२ लाख २६ हजार रूपैयाँको आयात भएको छ । यस्तै, यसबाहेक अन्य दर्जन देशबाट समेत नेपालमा चुइगम भित्रिने गरेको छ । तर, न्यूनमात्रामा मात्रै भित्रने गरेको तथ्यांक छ ।

सप्तकोशी यातायात प्रा.लि.
आरामदायी यात्राका लागि
सदैव हामीलाई सम्झनुहोस् ।
JAMBO A/C HIACE, साथै हवाई तथा बसको टिकट समेत गरिन्छ । रिर्जवका लागि समेत सम्पर्क गर्न सक्नुहुनेछ ।
बुधबारे काउन्टर, बुद्धशान्ति ३, झापा
उमेश तिम्सिना
मो नं. ९८५२६८८२७८/९८०७९००१२६

बि एण्ड बि क्याटरिङ एण्ड टेण्ट हाउस
विवाह, पार्टी, ब्रतबन्ध, पुराण, बनभोज, पास्नी, गुन्युचोली, सभा-समारोह सबै कार्यक्रममा स्तरीय, स्वादिष्ट खाना र रोजाइ अनुसारको परिकारका लागि सधैं सम्झनुहोस् ।
हाम्रा सेवाहरू :
क्याटरिङका आधुनिक र स्तरीय सामग्री, दक्ष अनुभवी कालीगढ, टेण्टका सम्पूर्ण सेट, शुद्धता, सरसफाई र क्याटरिङको आर्कषक उत्कृष्ट सजावट ।
नोट : साउण्ड सिस्टम, डिजेको समेत सुविधा छ ।
प्रो. सोमनाथ भट्टराई
मो.नं. ९८४२६९९२१४/९८१५०५१८५२/९८१२८६५२५३
बुद्धशान्ति-३, बुधबारे (झापा) ।

अस्मिता ज्वेलर्स
बुद्धशान्ति-३, बुधबारे झापा
शाखा साविक बुधबारे ७ नं चोक
प्रो. धन बहादुर लकान्द्री : ९८४२७६१७६०
प्रो. अभिशेक लकान्द्री : ९८१५९८५३९७
यहाँ सुनचाँदीका आकर्षक गरगहनाहरु अर्डर बमोजिम ग्यारेन्टीका साथ तयार गर्नुका साथै खरिद-बिक्री गरिन्छ ।

सुनचाँदीको मूल्य

छापावाल
रू. १२१०००/-
तेजाबी
रू. १२०५००/-
चाँदी
रू. १४६०/-
(प्रति तोला)

विषादिको प्रयोगमा सचेत बनौ

विषादिको प्रयोगबाट व्यक्तिमा देखिने लक्षणहरू –
→ थकान महसूस हुनु, टाउको दुख्नु, रिङ्गटा लाग्नु, छाती दुख्नु ।
→ छाला लाटो हुनु, चिलाउनु र फोका आउनु ।
→ आँखा रातो हुनु, पोल्नु, आँसु बगिरहनु, धमिलो देखिनु र आँखीभौं फर्फराउनु ।
→ नाक पोल्नु, पातलो सिंगान बगिरहनु, खोकी लाग्नु, वाक-वाकी लाग्नु, बान्ता हुनु र निद्रा नपर्नु ।
→ हिँड्दा लड्खडाउनु, कम्पन हुनु, होश हराउनु, स्वाँ-स्वाँ बढ्नु र मुर्छा पर्नु ।
→ त्यसबाट प्यारालाइसिस, हृदयाघात तथा मृत्यु समेत हुन सक्ने भएकोले विषादिको प्रयोगमा सावधानी अपनाऔं ।

रोङ गाउँपालिका
इलाम

जाडोबाट बच्ने उपाय

- तातो, झोलिलो पदार्थ प्रशस्त मात्रामा पिउने गरौं,
- न्यानो कपडा लगाऔं,
- घाम वा आगो तापौं,
- तेल मालिस गरौं,
- शारीरिक व्यायाम गरौं,
- बालबालिका, ज्येष्ठ नागरिक तथा अशक्तले सकेसम्म चिसोको समयमा घर बाहिर ननिस्कौं,
- ताजा र पौष्टिक खानेकुरा खाऔं,
- जाडोबाट बच्ने नाममा धूम्रपान तथा मद्यपान नगरौं,
- स्वास्थ्यमा कुनै समस्या परेमा चिकित्सक वा स्वास्थ्यकर्मीसँग परामर्श लिऔं ।

अर्जुनधारा नगरपालिका
अर्जुनधारा, झापा

बुद्धशान्ति १ नम्बर वडाद्वारा वडाबासीमा अनुरोध

- जन्म, मृत्यु, विवाह, बसाईंसराईं ३५ दिनभित्र अनिवार्य दर्ता गरौं ।
- सडक र सडकका पेटीमा निर्माण सामग्री र व्यवसायका सामग्री नराखौं ।
- भान्सा र पसलका फोहोरलाई जथाभावी नफालौं ।
- वडालाई पर्यटनमैत्री र वातावरणमैत्री बनाउन स्वच्छ र सफा राखौं ।
- समय समयमा वडामा गई वडाबाट पाइने सेवासुविधाबारे जानकारी लिऔं ।

बुद्धशान्ति गाउँपालिका
१ नम्बर वडा कार्यालय
बुद्धशान्ति, झापा

छावा हेर्न सौराहा

■ **सविता श्रेष्ठ**

पालिका सन्देश । भारत र थाइल्यान्डबाट हात्ती लिएर शुरु गरिएको सौराहाको हात्ती प्रजनन केन्द्रमा अहिले छावा हेर्न देश तथा विदेशका पर्यटकको घुइचो लाग्ने गरेको छ । घुमघाम गर्न चितवनको सौराहा पुग्ने पर्यटकका लागि पछिल्लो समय नयाँ आकर्षण थपिएको छ, हात्ती प्रजनन तथा तालिम केन्द्र । चितवन राष्ट्रिय निकुञ्ज नजिकै खोरसोरस्थित प्रजनन केन्द्र यति बेला पर्यटकले भरिभराउ छ । विशेषतः हात्ती र हात्तीका छावा हेर्न स्वदेशी तथा विदेशी पर्यटक आइपुग्छन् ।

हात्ती प्रजननका लागि २०४४ सालमा केन्द्रको स्थापना गरिएको थियो । शुरूआतमा भारतबाट चार र थाइल्यान्डबाट एउटा हात्ती ल्याइएको थियो। त्यसपछि कञ्चनपुरको शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज र कोशीटप्पु वन्यजन्तु आरक्षबाट हात्ती थपिएको थियो । हालसम्म ६० वटा छावा हुर्किसकेका छन् । अहिले १२ वटा माउ र सात वटा छावा रहेको केन्द्रका प्रमुख मनपुरन चौधरी बताउँछन् । सात छावामध्ये दुई पोथी र पाँच भाले छन् । अझै तीन वटा हात्ती छावा जन्माउने तरखरमा छन् । "दुई हात्ती यो महीनाभित्र नै ब्याउन सक्छन्," चौधरी भन्छन्, "एउटा अलि ढिलो ब्याउला ।"

यसअघि एउटा हात्तीले छावा जन्माएको थियो । २०८१ सालमा नौ वटा हात्ती ब्याउने चौधरी बताउँछन्। भालेसँग समागम भएको २२ देखि २४ महीनामा हात्तीले बच्चा जन्माउँछ । जाडो याम हात्तीको प्रजनन समय हो । प्रजनन केन्द्रमा प्रायः पुस, माघ र फागुनमा छावा जन्मिने गरेका छन् । गर्भवती भएपछि चितवन राष्ट्रिय निकुञ्जमा खटिएका हात्तीलाई पनि हेरचाह गर्न, सुत्केरी गराउन र छावा हुर्काउन केन्द्रमा ल्याउने गरिएको उनी बताउँछन् ।

छावा जन्मिएको १२ दिनमा न्वारन गरेर नाम राख्ने गरिन्छ । पहिले निकुञ्जले नाम सिफारिश गरी राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु विभागमा पठाउने गरेको थियो। विभागले राजदरबारमा पठाएर छावा नामकरण गर्ने प्रचलन थियो । २०६३ सालयता यो प्रचलन हटेको छ भने निकुञ्जले नै नाम राख्ने गर्छ । प्रजनन केन्द्रमा रहेका पोथी हात्तीले जङ्गली हात्तीको सम्पर्कबाट बच्चा जन्माउँदै आएका छन् । जसमा गोविन्दे, रोनाल्डो र ध्रुवे नाम गरेका जंगली हात्ती प्रमुख छन् । केन्द्र प्रमुख चौधरीका अनुसार, यो वर्ष दाह्रा नभएको (मकुना) हात्ती प्रजनन केन्द्र वरिपरि दैनिक देखिने गरेका थियो ।

हुर्किएका हात्ती विभिन्न स्थानमा पठाउने गरिन्छ । "पोहोर साल गर्भवती हात्तीलाई शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा पठायौँ । अहिले ब्याइसकेको छ," चौधरी भन्छन्, "हरेक साल दुई-तीन वटा हात्ती बाहिर पठाइरहेका हुन्छौँ ।" प्रजनन केन्द्रमा हुर्किएका भाले छावालाई उमेर पुगेपछि तालिम दिएर निकुञ्जको सुरक्षार्थ पोष्टमा खटाउने गरिन्छ । छावा तीन वर्ष पुगेपछि तालिम दिने गरिन्छ । जमीनमा पाइनेमध्ये सबैभन्दा ठूलो शरीर भएको जनावरलाई माउतेले तालिम दिएर भनेअनुसार, ठाउँमा डुलाउन सक्नु आफैँमा चुनौतीपूर्ण काम रहेको उनी सुनाउँछन् ।

छावालाई काम लगाउन, योग्य बनाउन र माउतेको भाषा बुझ्ने बनाउने काम तालिम मार्फत गरिन्छ । तालिम नपाएका छावाले कर्मचारी र आगन्तुकलाई क्षति गराउन सक्छन् । तालिम नभएमा बिरामी हुँदा उपचार गराउन समेत अप्ठ्यारो पर्छ । छावालाई दायाँ-बायाँ हिँडाउने, बसाउने, उठाउने, खाने अर्थ बुझाउन मौखिक तथा सांकेतिक आदेश दिएर सिकाउने गरिन्छ ।

प्रजजन केन्द्रमा हात्ती र छावा हेर्न पर्यटकको घुइचो लाग्छ । आगन्तुकका लागि बिहान ७ देखि साढे १० बजेसम्म र साँझ साढे ३ देखि साढे ५ बजेसम्म प्रजनन केन्द्र खुला गरिन्छ । अवलोकनका लागि विद्यार्थीले ३० रूपैयाँ, स्वदेशीले ५० रूपैयाँ र विदेशीले १०० रूपैयाँ शुल्क तिर्नुपर्छ । पर्यटकीय सिजनमा एक दिनमा १० हजारसम्म पर्यटक आएको रिकर्ड छ । सिजनको समयमा टिकट शुल्कबाट नै दैनिक एक लाख रूपैयाँसम्म आम्दानी हुने गरेको प्रमुख चौधरी बताउँछन् । केन्द्रका अनुसार सामान्यतया दैनिक २० हजारदेखि ५० हजार रूपैयाँ आम्दानी हुने गरेको छ ।

चितवन राष्ट्रिय निकुञ्जमा अहिले ५५ वटा हात्ती खटिएका छन्। जसमा चार वटा हात्ती कोशीटप्पुबाट काजमा ल्याइएको हो। निकुञ्जमा हात्तीको रेखदेख, स्याहार गर्न र तालिम दिनका लागि १३९ जना कर्मचारी कार्यरत छन्। उनीहरु हात्तीका लागि बिहानै घाँस काट्न जान्छन् । घाँस, धान, सख्खर, नुन, फलफूल हात्तीको आहार हो । बिहान घाँस पानी खुवाएपछि अवलोकनका लागि खुला गरिन्छ । दिउँसो जंगलमा चराउन लैजाने गरिन्छ । बेलुकी जंगलबाट फर्काएपछि फेरि अवलोकन खुला गर्ने गरिएको प्रमुख चौधरी बताउँछन् । उनी भन्छन्,"हात्ती र छावा हेर्न मात्र नभई अध्ययन र अनुसन्धान गर्न समेत विदेशी आउने गरेका छन् ।"

स्वास्थ्य वीमामा बिरामीले १० प्रतिशत रकम तिर्नुपर्ने

झापा । स्वास्थ्य बीमा बोर्डले अब उपचारमा लाग्ने १० प्रतिशत रकम बीमित बिरामीलाई तिराउने भएको छ । बोर्डले स्वास्थ्य बीमा कार्यक्रममा सहभुक्तानी प्रणाली लागू गर्ने कार्यविधि, २०८० ल्याएर स्वास्थ्य सेवा उपभोग गर्दा तोकिएको सेवाका लागि लाग्ने खर्चको १० प्रतिशत रकम सेवा उपभोग गर्ने व्यक्तिले तिर्नुपर्ने बोर्डका सूचना अधिकारी ओमकुमारी कँडेलले जानकारी दिए ।

यसअघि बोर्डमा आबद्ध भएकाले कुनै रकम तिर्नु पर्दैनथ्यो । बीमितलाई एक लाख रूपैयाँ बराबरको उपचार खर्च बीमा बोर्डले व्यहोर्ने गर्दछ । उनले अनावश्यक स्वास्थ्य परीक्षणलाई कम गराउन सहभुक्तानी प्रणाली लागू गरिएको बताइन् । 'बीमितले अनावश्यकरूपमा स्वास्थ्य परीक्षण गराउन थाले', उनले भनिन्, 'त्यसलाई कम गरेर आवश्यक मात्र स्वास्थ्य परीक्षण गराउन भनेर बिरामीलाई १० प्रतिशत तिराउने निर्णय गरेका हौँ ।' उनका अनुसार सहभुक्तानी प्रणाली आगामी माघ १ गतेदेखि लागू हुनेछ ।

प्राथमिक स्वास्थ्य केन्द्र र २५ श्ययासम्मका अस्पतालमा गरिएको स्वास्थ्य उपचारमा भने बीमितले १० प्रतिशत रकम तिर्न नपर्ने उनको भनाइ छ । सहभुक्तानी प्रणाली सङ्घीय अस्पताल, २५ शैय्याभन्दा माथिका प्रदेश र प्रादेशिक अस्पताल तथा सबै निजी एवं सामुदायिक अस्पतालमा लागु हुनेछ । गरीब, ७० वर्षभन्दा माथिका ज्येष्ठ नागरिक, अशक्त, एचआइभी सङ्क्रमित, जटिल क्षयरोगी, कुष्ठरोगी र महिला स्वास्थ्य स्वयम्सेविकालाई भने सहभुक्तानी प्रणाली (१० प्रतिशत रकम तिर्नु नपर्ने) लागू नगरिने कार्यविधिमा उल्लेख गरिएको छ । बोर्डमा हालसम्म ७४ लाख बीमित भइसके पनि करिब ४७ लाख मात्र सक्रिय रहेका छन् ।

वि.सं. २०७२ चैत २५ गते गुणस्तरीय स्वास्थ्य सेवालाई जनस्तरसम्म पुर्‍याउनका लागि स्वास्थ्य बीमा बोर्ड स्थापना गरिएको थियो । अहिले ७७ जिल्लामा लागू गरिएको स्वास्थ्य बीमा बोर्डले एक लाख रूपैयाँसम्म बीमित परिवारले निःशुल्क उपचार सेवा पाउने छन् ।

चीनबाट आउन थालेपछि सस्तिन थाल्यो प्याज

झापा । दुई साताअघि किलोकै दुई सय रूपैयाँसम्ममा बिक्री भएको प्याजको भाउ घट्न थालेको छ । भारतले निर्यातमा बन्देज लगाएपछि केही व्यबसायीले चीनबाट आयात सुरू गरेका छन् । खुला सीमाका कारण केहीले भारतबाटै अवैध रूपमा प्याज भित्र्याएका छन् । चीन र भारतबाट भित्रिन थालेपछि प्याजको मूल्य घट्न थालेको हो ।

'प्याजको हकमा आयातमै निर्भर हुनुपर्छ । आयातमा अवरोध हुँदा बजार भाउ बढ्ने हो, पछिल्लो समय आपूर्ति सहज हुँदै गएको छ । बजारमा प्याज आएको छ । भारतले निर्यात बन्देज गरे पनि व्यापारीको सम्पर्क सूत्रबाट आयात भएको छ । चीनबाट समेत आउँदा मूल्य घटेको देखिन्छ ।

प्याजको मुल्य बजारमा पुस दोस्रो साता सम्म आइपुग्दा भारतीय प्याजको औसत मूल्य ९० रूपैयाँ र चिनियाँ प्याजको मूल्य ८२.५० रूपैयाँ तोकिएको छ । खुद्रा बजारमा प्रतिकिलो ९५ देखि १ सय रूपैयाँसम्ममा बिक्री भइरहेको व्यापारी बताउँछन् । 'बजारमा आपूर्तिको अवस्था सहज बन्दै छ । मूल्य पनि दैनिक घट्ने क्रममा छ,' एक व्यापारीले भने, 'धेरै आयात र परनिर्भर भएर हुँदैन, स्वदेशमै उत्पादन बढाउन जरूरी छ ।'

महत्वपूर्ण सम्पर्क नम्बरहरू :

गाउँपालिका :

बुद्धशान्ति गाउँपालिका :
सम्पर्क नं :०२३-५५५०४४, ०२३-५५५२०८
कचनकवल गाउँपालिका : ९८५२६५५२१०
कमल गाउँपालिका : ०२३४७५०८१, ०२३४७५०९९
बाह्रदशी गाउँपालिका :
९८२४००२६७७, ९८१६९५०४३०
गौरीगञ्ज गाउँपालिका : ०२३-४१२०४४
हल्दीबारी गाउँपालिका :
९८५२६४०४५१, ९८५२६४०४५३
झापा गाउँपालिका : ९८०२०९६२२२, ९८५२६३०९००
रोङ गाउँपालिका : ०२७-६९१४२०

नगरपालिका :

बिर्तामोड नगरपालिका : ०२३-५४०२४४
अर्जुनधारा नगरपालिका : ०२३-४६५०४४
मेचीनगर नगरपालिका : ०२३-५६२४३७, ५६२५०५
भद्रपुर नगरपालिका : ०२३-५२०७८१, ०२३-५२०१४८
कनकाई नगरपालिका : ०२३-४०११५५
शिवसताक्षि नगरपालिका : ०२३-४७०३२३
गौरादह नगरपालिका : ०२३-५९७००६
दमक नगरपालिका : ०२३- ५८०१३७, ०२३-५८००४४

दमकल (बारुण यन्त्र) :

बिर्तामोड न.पा. : ९८५२६४०१०१
मेचिनगर न.पा. : ९८६२६८३७३४
दमक न.पा. : ९८५२६८३८२०
भद्रपुर न.पा. : ९८१४९०८१०८
गौरादह न.पा : ९८०४९२६७६४
कमल गा.पा. : ९८६३७८०२७२

शववहान :

गौरादह रेडक्रस : ९८१६०३८३८३१
बिर्तामोड न.पा. : ९८१५०२७७३२
भद्रपुर न.पा. : ९८४४६५०६६६
मेचिनगर न.पा : ९७४६८७९४०३

सर्पदंश उपचार केन्द्र :

नेपाली सेना, चारआली : ०२३-४६०१०७
दमक : ०२३-५८०१७६
कनकाई कोटीहोम : ९८४२१५४२७५
कचनकवल : ९८१४९९७१०५

रक्तसञ्चार :

भद्रपुर : ०२३-५२३८१४
बिर्तामोड : ०२३-५४१८३३
बिएण्सी : ०२३-५४५७७७
नेरेसो दमक : ०२३-५८०१७६

अन्य :

नेपाल रेडक्रस सोसाइटी झापा : ०२३-५२०१०२
सीतारमेश बहुमुखी क्याम्पस, बुद्धशान्ति :
०२३-५५५५५७
आदर्श नमूना सामुदायिक बन बुद्धशान्ति :
०२३-५५५१४६
जिल्ला प्रशासन कार्यालय, झापा,
भद्रपुर : ०२३-४५२१२५
ईलाका प्रशासन कार्यालय, गौरीगञ्ज, झापा :
०२३-४१२०८७
ईलाका प्रशासन कार्यालय, दमक, झापा :
०२३-५८००३६
मालपोत कार्यालय चन्द्रगढी, झापा : ०२३-४५५२७८
नेपाल पत्रकार महासंघ झापा शाखा : ०२३-५४०२०६
झापा जिल्ला सहकारी संघ लि : ०२३-५३६६८५
नेपाल विद्युत प्राधिकरण, बुधबारे :०२३-५५५०३१
शाना शहरी खानेपानी तथा उपभोक्ता समुह,
बुधबारे :०२३-५५५०६४

आयस्था निर्माण सेवा
बुद्धशान्ति-३, झापा
बाटो, घर निर्माण, ग्राभेल गर्न, जमिन सम्याउन, पाइपलाइन बिस्तार गर्न साथै निर्माण सम्बन्धी कामका आवश्यक सम्पूर्ण सामाग्रीहरुको ठेक्का कार्यको लागि हामीलाई सम्झनु होला ।
प्रो. झरेन्द्र श्रेष्ठ । सम्पर्क नं. ९८१७९९८३०६

"वन डढेलो नियन्त्रण गरौं, जैविक विविधताको संरक्षण गरौं"
सुख्खायाम लागेसँगै वन जंगलमा डढेलो लगाईने गतिविधि जिम्मेवार नागरिकका लागि अशोभनीय कार्य हुन्। जिम्मेवार नागरिकहरुले यस्ता कार्यको विरुद्ध सबैलाई सचेत गराऔं। वन जंगल तपाईं हामी सबैको साझा सम्पति हो। सबै मिलि यसको संरक्षण गरौं। वातावरण संरक्षण तपाईं हाम्रै जिम्मेवारी हो।
अनुरोधकर्ता :
आर्दश नमुना सामुदायिक वन उपभोक्ता समूह
बुद्धशान्ति, झापा

एस.के. टेड्र्स बिर्तामोड
कपडाका लागि हामीलाई सम्झनुहोस् ।
हामीकहाँ सबै प्रकारका कपडाहरु
होलसेल तथा खुद्रा
मुल्यमा उपलब्ध छ ।
ग्राहकको सेवा नै हाम्रो सन्तुष्टि हो ।
प्रो. सन्दिप गौतम
फोन नं. ९८४४६४५०३५
बिर्तामोड-४, (कृष्णहल रोड झापा)

प्रो अर्जुन ढकाल
सुभद्रा ढकाल
मो. ९८५२६५५२८१
९८४२६५३२३१
होक्से क्लिनिक एण्ड डाईग्नोष्टिक सेन्टर प्रा.लि.
बुद्धशान्ति-१, नमुना चौक, झापा
फोन नं. ०२३-५५५२२९
यहाँ रगतद्वारा सुगर, थाईराइड, युरिक एसिड, मृगौला तथा कलेजोको जाँच साथै दिशा-पिसाब जाँच तथा एक्सरे, भिडियो एक्सरे सेवा उपलब्ध छ ।